
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

४८

वर्ष १२, अंक २ | बुद्ध सम्वत् २५६८ | ने.सं. ११४४ गुँलाथ्व | वि.सं. २०८१ भाद्र ३ गते गुँ पुन्हि



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ

# अर्हत

त्रैमासिक

वर्ष १०| अं ४| बुद्ध सम्वत २५६८ | नेसं.११४४
गुंलाथ्व वि.सं. २०८१ भाद्र ०३ गते गुं पुन्हि

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

सम्पादक/प्रकाशक
उद्धव सुजखु

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर सेटिङ्ग
सुबोध कुमार साह

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
फोन नं. ६६१४७९३
Email: arhattraimasik@gmail.com

सहयोग रु. ५०/-



## यसभित्र

| | | |
|---|---|---|
| अर्काको दोष हेर्नुभन्दा आफ्नो दोष देख्नु बेस | भिक्षु अश्वघोष | ३ |
| महाउपासक | चित्तधर हृदय | ६ |
| कार्ल विलहेम ट्रेङ्कनर | रत्नसुन्दर शाक्य | १० |
| बुद्ध यस्तो हुनुहुन्थ्यो | घनश्याम राजकर्णिकार | १३ |
| अष्ट महास्थान- बौद्ध तीर्थयात्रा | रत्नप्रसाद प्रजापति | १६ |
| बौद्धवाद, साम्यबाद र पुँजीवाद | राजन | १९ |
| बुद्ध पूर्णिमा सन्दर्भ : हेतुवादी महाश्रमण हुनुहुन्छ बुद्ध | राजु शाक्य | २२ |
| बौद्ध जगत्का स्मरणीय व्यक्तिहरूको आठौं भाग पढ्दा | विष्णुगोपाल कुसी | २६ |
| पाँच पाण्डव मखु (बाखँ) । | चन्द्रबहादुर उलक | ३० |
| बौद्ध सम्बन्धी महत्त्वपूर्ण ज्ञान । | न्हुछेरत्न बुद्धाचार्य | ३२ |


# सम्पादकीय

अरूको प्रगति हेर्न नसक्ने, अरूलाई प्रगति गर्न नदिने कथं कदाचित प्रगति गरेमा अवरोध सिर्जना गर्ने गराउने प्रबृति जन विरोधि प्रगति हुन् । सबैलाई कमजोर पारी आफूमात्र बलियो हुन खोज्ने र कमजोर माथि आधिपत्य जमाउने प्रभुत्ववादी प्रवृति हुन् । प्रभुत्ववादी प्रवृतिले संसारमा अशान्ति फैलाउँछ । बाँचौ र बचाऔं भन्ने भावना विपरित आफूमात्र बाचौं । अरूलाई मारौं भन्ने भावना हिजोआज संसारमा देखिएको छ । जसको उदाहरण इजरायलद्वारा प्यालेस्टिनी जनताको हत्या र युक्रेन र रुसको बिचमा भइरहेको युद्ध नै यसका प्रमाण हुन् । युक्रेन बलिको बोको भएको छ । ती युद्धहरू आफूमात्र बाँच्न चाहने अरूलाई बाँच्न नदिने शक्तिले युक्रेनलाई उक्साएको तथ्य बाहिरीएको छ ।

जसले भियतनाम माथि आफ्नो प्रभुत्व जमाउन युद्ध छेडे, भियतनामी जनता तथा भियतनामी भिक्षुहरूलाई हत्या गरेको थियो । सन् १९४५ अगष्ट ६ को दिन जापानको हिरोशिमा तथा नागाशाकीमा अनुवम प्रहार गरे र जापानको प्रगति रोक्न नरसंहार गरेका थिए ।

अफगानिस्तानलाई उठनै नसक्ने गरि हमला गरेको थियो । त्यसरी संसारमा अशान्ति फैलाउने शक्ति संयुक्त राज्य अमेरिका हो । त्यस अमेरिकी साम्राज्यवादको विरुद्ध न्याय तथा शान्ति प्रेमी विश्वका जनताले विरोध गरिरहेका छन् भने न्याय प्रेमी अमेरिकी जनताले समते आफ्नो सरकारको विरुद्ध आवाज बुलन्द गरिरहेको समाचार आएको छ । बौद्ध दर्शन अध्ययन समाज शान्तिको लागि आवाज उठाउने जनताको समर्थन गर्दछ । अस्तु

# अर्काको दोष हेर्नुभन्दा आफ्नो दोष देख्नु बेस



✍ भिक्षु अश्वघोष

*न परेसं विलोमानि, न परेसं कताकतं ।*
*अत्तनो व अवेक्खेय्य, कतानि अकतानि च ॥*

**अर्थ- अर्काको दोष र त्रुटि नहेर्नु चेवा चर्चा नगर्नु, आफ्नै दोष हेर्नु सच्याउनु बेश हुन्छ ।**

यो धर्मको उपदेश बुद्धले २५ सय वर्ष अघि दिनु भएको भए पनि अहिले पनि एकदम ताजा छ, सान्दर्भिक छ, अनुकरणीय छ । बुद्धकाल देखि आजसम्म मानिसहरूको बानी अर्काको दोष र त्रुटितिर मात्र ध्यान दिने रहेछ । आफ्नो दोषलाई भने लुकाई राख्छ । बुद्धले विपस्सना (विपश्यना) ध्यान आफूले अभ्यास गरेर अनुभव भए पछि मात्र अर्काको दोषतिर ध्यान नदिनु, पहिले आफ्नो गल्तीलाई सच्याउनु जाति छ । यस्तो गर्न सके शान्ति मिल्छ भनी उपदेश दिनुभयो । प्रश्न छ- अरूले आफ्नो नराम्रो व्यवहार सुधारेन भने के गर्ने ? त्यसको लागि मैत्री पूर्वक सम्झाउनु, शिक्षा दिनु, सुझाव दिनु बुद्धको उपदेश हो । सुझाव र उपदेश दिएर पनि सुध्रेन भने के गर्ने ? बुद्धको शिक्षा अनुसार उसको बानी त्यस्तै हो भनेर विचार गरी उपेक्षा गर्ने र स्वभाव पटक्कै सुध्रेन भने ब्रह्माण्ड मतलब सामाजिक बहिष्कार गर्ने अर्को एक अवस्थामा बुद्धले भन्नुभएको छ ।

चरं चे नाधि गच्छेय्य-सेय्यं सदिस मत्तनो।
एक चरियं दल्हं कयिरा, नत्थि बाले सहायता ॥

सकभर आफूभन्दा उत्तमको सत्संगत गर्नु, नभए आफू समानको सत्संगत गर्नु अन्यथा आफू भन्दा दुर्गुणीको संगत नगर्नु बरू दृढ मनले एक्लै हिंड्नु र बस्नु बेस हुन्छ ।

यो कुरा बुझ्नका लागि बुद्धकालीन घटना प्रस्तुत गर्नु उपयुक्त होला । भगवान बुद्ध श्रीवस्तीको जेतवन विहारमा विराजमान भइरहेको बेलाको घटना हो । त्यसताका दुईजना केटाहरू जेतवनमा बरोबर धर्म उपदेश सुन्न जाने गर्थे । उपदेश सुन्दा सुन्दै दुबैजना बिच कुरा चल्यो । दु:खबाट मुक्त हुनलाई त भिक्षु नै बन्नुपर्ने जस्तो छ । गृहस्थी जीवन झन्झटिलो छ । धार्मिक जीवन सफल पार्न घर गृहस्थीमा स्वतन्त्रता छैन । हामी दुबै भिक्षु बन्न जाऔं । यसरी निर्णय गरेर जेतवन विहारमा गए । भगवान बुद्ध समक्ष गएर आफ्ना इच्छा पोखे । गौतम बुद्धले ती दुबैजनालाई काश्यप महास्थविरलाई

जिम्मा दिनुभयो। गजबको कुरा हो दुई जना मध्ये एक जना असल ज्ञानी स्वभावको बन्यो। एक जना अल्छी र ठगी स्वभावको बन्यो। मतलब आफूबाट हुनुपर्ने कर्तव्य गर्नबाट टाढिने भयो। आफ्नो असल साथीले गरेको काम पनि आफूले गरेको भनी भन्ने गर्थ्यो। असल साथीले विचार गर्न थाल्यो। मेरो साथी त कर्तव्य च्यूत हुन थाल्यो। अल्छी हुन पुग्यो। अरूले गरेको काम आफूले गरेको भन्न खोज्यो। यो त नराम्रो बानी र संस्कार भयो। उसको बानी सुधार्नु पर्‍यो भनी सुझाव र सल्लाह दियो। लुच्चा साथीले भन्यो- तिमी मात्र सज्जन र असल बन।

असल स्वभावको भिक्षुले सँधै काश्यप गुरूलाई नुहाउनलाई पानी तताउने काम गर्ने, तर छट्टु भिक्षुले पानी तातो भएपछि काश्यप गुरूकहाँ गएर भन्ते पानी ताति सक्यो भन्न जाने गर्थ्यो। असल साथीले यसलाई पाठ सिकाउनु पर्‍यो भनी एकदिन भाँडोमा अलिकति मात्र पानी राखी तताउन सुरू गर्‍यो। भाँडोबाट बाफ आएको देखेर ठगी भिक्षु काश्यप गुरूकहाँ गएर भन्न गयो- पानी ताति सक्यो। नुहाउन जानुस्। काश्यप भन्ते नुहाउन जानुभयो। र पानी अलिकति मात्र भएको देखेपछि असल भिक्षु सित सोधे- के भएको पानी नै छैन। उसले यथार्थ कुरा सुनायो। भन्ते ! मेरो साथी पहिले असल थियो। अहिले चाहिँ अल्छी मात्र होइन ठग पनि बन्यो। मैले पानी तताएकोमा उसले जस पाउनको लागि तपाई कहाँ गएर पानी तात्यो भनेर आउँदै छ। उसको बानी सुधार्नको लागि र पाठ सिकाउनको लागि मैले पानी अलिकति मात्र राखी तताएको हुँ। यो कुरा सुनीसकेपछि त्यो ठग चेलालाई बोलाई अर्ति र सुझाव दिनुभयो। अर्थात गाली गर्नुभयो। तिम्रो बानी त राम्रो छैन। श्रमण जीवनमा झूठो कुरा गर्नु र ठगी स्वभाव ठीक छैन। चरित्र राम्रो हुनुपर्छ , आचरण राम्रो हुनुपर्छ। अनि मात्र धर्म हुन्छ। तर गुरूले दिनुभएको अर्तिलाई साथीको कुरा सुनी मलाई गाली गर्नुभयो भनी उल्टो सम्झि रिसाएर कुटीमा आगो लगाइ भाग्यो।

यो अप्रिय घटना सुनेपछि भगवान बुद्धले माथिको गाथा भन्नु भएको हो। सकभर आफू भन्दा उत्तमसँग बस्नु नभए आफू समानसँग बस्ने अन्यथा मूर्खहरूसँग बस्नुभन्दा एक्लै बस्नु जाति छ।

एकताका सानो कुरामा विद्वान भिक्षुहरूबिच झगडा भएको थियो। जोशमा होश गुम्दा भिक्षु भएको बिर्सी चर्को रूपमा कलह झगडा गर्न थाले। भगवान बुद्ध स्वयम् झगडालु भिक्षुहरूकहाँ जानुभइ सिकाउनु भयो- हे भिक्षुहरू ! एकदिन मर्नुपर्छ भनी बिर्स्यौ ? कस्तो शोभित नभएको, झगडा गरिरहँदा लाज लाग्दैन ? झगडा नगरी मिलेर बस !

तर भिक्षुहरूले बुद्धको अर्तिलाई मानेनन् र भने तपाई पो बुद्ध हुनुहुन्छ। हामी अज्ञानी बुद्धू हौं। हाम्रो मामिला हामी नै सम्हाल्छौं। अनि बुद्धले भन्नुभयो-एकस्स चरितं सेय्यो नत्थि बाले सहायता अर्थात एक्लै बिचरण गर्नु श्रेष्ठ, मूर्खहरूसँग नबस्नु नै जाति छ। यस्ता अज्ञानी मूर्खहरूसँग के बस्नु भनी बुद्ध सुटुक्क पारिलेय्यक वनमा एक्लै बस्न जानुभयो। यहाँ स्मरणीय छ बुद्ध बचन-
अत्तनाव कतं पापं, अत्तनाव संकिलिस्सति।


अत्तनाव अकतं पापं, अत्तनाव विसुज्झति ।
सुद्धी असुद्धी पच्चतं, नाअञ्ञो अञ्ञं विसोधये ॥
अर्थात आफूले गरेको पापले आफैलाई अपवित्र पार्छ । आफूले नगरेको पापले आफैलाई शुद्ध पार्छ, शुद्धि अशुद्धि आफैले हुन्छ अरूले शुद्ध गर्न सक्दैन ।

झगडालु भिक्षुहरूको कारण बुद्ध जंगलमा एक्लै बस्न जानु भएको थाहा पाई उपासक उपासिकाहरूले कलहकारी भिक्षुहरूलाई बहिष्कार गरे । मतलब भोजन दान, सम्मान आदि गरेनन् । खाना नपाएपछि सचेत भई झगडालु भिक्षुहरू आपसमा सल्लाह र सहमति गरी मेलमिलाप गरे । सबै बुद्धकहाँ गएर क्षमा मागे । जोशमा होश गुमाउँदा धर्म र आचरण गुम्यो । ज़ब भिक्षुहरूले आ-आफ्नो गल्ती र कमजोरी महशुस गरे, अनि उनीहरू झगडा नगरी शान्त पूर्वक बसे ।

यस घटनाले के बुझिन्छ भने आफू असल बने अरू पनि असल बन्छ भन्ने उक्ति ठीक होइन । मानिसमा विवेक बुद्धि हराएपछि कहाँ सुधरिन्छ । आ-आफूले आफ्नो आचरणतिर ध्यान दिएर गल्ती सुधारे मात्र समस्या हल हुन्छ, त्यसैले बुद्धले भन्नु भएको - शुद्धि र अशुद्धि आफैले हुन्छ । अरूले शुद्ध गर्न सक्दैनन् । विद्वानहरूले धर्म उपदेश दिएर मात्र हुँदैन, आफैले होश राख्नु पर्ने, सचेत हुनु पर्ने । काश्यप भन्तेको चेला दुई जना प्रव्रजित हुन भन्दा अघि धेरै असल र सज्जन थिए । धर्म उपदेश सुनेर विरक्त भएर दुःखबाट मुक्त हुने इच्छाले भिक्षु बन्न गए । तर पछि एक जना अकर्मन्य र अल्छी प्रमादि बन्यो । साथीको र गुरूको अर्तिलाई वास्ता नगरी अटेरी भई एक जनाले कुटीमा आगो लगाई भागेर गयो । होश गुम्दा आफुलाई चिन्न नसक्दा विद्वान पनि पतन हुन्छ । विनयधर र धर्म देशक भिक्षुहरू बीच होश गुम्दा झगडालु बने । बुद्धको अर्तिलाई वास्ता गरेनन् । पछि उपासक उपासिकाहरूले बहिष्कार गर्दा मात्र सचेत भए होशमा आए । भगवान् बुद्धलाई कस्ता कस्ता क्रोधी, विरोधीहरूले बाधा अड्चन दिए, मार आए तर बुद्ध विचलित भएनन्, तर अनुशासन हीन, झगडालु र महत्वाकांक्षी भिक्षुहरूबाट विचलित भएको उपर्युक्त घटनाले देखाउँ छ । तर बुद्धको विषय लिएर केही आलोचना समालोचना गर्नु उपयुक्त मानिदैन । बुद्ध विषय अचिन्तनीय छ । तर एउटा राम्रो कुरा के भने घटना सुखान्त हुन्छ । किन भने बुद्धमा शुद्ध मैत्री र करूणा विद्यमान छ । धेरै पटक अशिक्षित भिक्षुहरूलाई विहारबाट धपाई दिनु भयो तर फलस्वरूप अशिक्षित, अनुशासनहीन भिक्षुहरू शिक्षित र असल बने, पछि बुद्ध स्वयंले उनीहरूलाई बोलाउनु भयो र राम्रो उपदेश दिएर शान्त पार्नु भयो ।

माथिको घटनामा कौशाम्बीका झगडालु भिक्षुहरूले बुद्धको अर्ति सुनेनन् र झगडा गर्दै रहे । बुद्ध स्वयं मूर्खहरूसँग बस्नु भन्दा एक्लै बस्नु ठीक छ भनी जंगलमा बस्नु भयो । फलस्वरूप झगडालु भिक्षुहरू आफै साम्य भए र बुद्ध समक्ष क्षमा माग्न आए । यो बुद्धको शुद्ध करूणा र मैत्रीको ज्वलन्त उदाहरण हो । घटना सुखान्त भयो, दुखान्त भएन । यही नै बुद्धको चमत्कार हो ।

# महाउपासक



✍ चित्तधर हृदय

अकबन्धुं राजगृहया सीतवन आरामस
संघ सहित विहार याना: च्वंबले ब्वेका: यश
दान यायां नाम जूम्ह 'अनाथपिण्डक गृहपति'
साहु छम्हस्या थाय् वया: च्वन याय्‌त सल्हा साहुति ।
साहुया लिमला:गु खन वं जंक्व पस्ता न्या:गु थे,
ज्या ब्यया: ब्वांजूगु उख्य थुख्य मगध जुजु हे वैगु थें ।
न्यन-"मला:गु नत्वीत नापं थौं छुया उत्सव थन ?"
वं लिस: बिल "ख: ससंघ कन्हे बिज्याइगु श्रीघन,
पीक्य माल पलख छित: थन बिन्ति दाजु ! दुताय्‌मत्य"
जुल वया नं बुद्ध दर्शन याय्‌गु अभिलाषा अल्य ।
न्यन्यत न्यंगु दु वं प्रशंसा यक्व भगवान् बुद्धया
मदु उकी विश्वास थ:मं छुं मखंनिगुलिं वया ।
यात चित्ते तर्क नाना "आ: परीक्षा ज्वी मखा:
स:तुसा जिगु नांक्या: सर्वज्ञ ख: भगवान" धका ।
भति लिपा नयूनी सिधयूका: धाल- "भाजु ! ज्वना: मत
वन्यनु आ: हे उम्ह तथागतयागु दर्शन यायत ।"
साहु न्हिल- "आ: समय मखुया: वन्यगु दर्शन बुद्धया"
द्यन व साहु अनाथपिण्डक "बुद्ध बुद्ध" मने तया:
सुथ धका गोको दना: स्वत प्राय चान्हे तिनिवले
पलख लिपते हे वना: छुवत बुद्धया श्रद्धा-बले ।
चा:गु गय् गय् उखुनु चान्हे राजगृहया देलुखा,
देशयां पिन्य ख्यंगुली हानं छुये खन्य मदया: छुखां
वैगु न्हाय्‌पं तिन्न हाला: देह जुल रोमाञ्च नं.
किन्तु व जिलाहा जुया: केन भक्ति-थ्वं कायूका: अनं
सीतवनस व थ्यंबले भगवान् नसंचाती दना:
चंक्रमण याना: बिज्याना: च्वंगु तापाकं खना:
वँन व अन ब्वांब्वों विनायकयागु दर्शन यायत.
"वा सुदत्त !" धका मुनीन्द्रं वैंत स:ता: फेत्तुत ।
वैगु नाम मस्यू सुनानं "दशवलं जक गय् सिल !"
धैगु खं आश्चर्य चाया: हतपतं तुति भोपुल ।
दक्व शंका ब्याक्क बिसिवन बुद्धया विषये दुगु
भक्ति पूर्वक न्यन तथागतयात मङ्गल जूमजू ।
वैत भगवानं लिस: बिल-"सिचुम्ह दोषं रहितम्ह

बासनास मदुंम्ह ब्रामण चित्त शान्तिं शान्तम्ह
वांछ्वया: भय, चुंथना: आसक्ति सुखपूर्वक द्यनि"
मेगु हानं आनुपूर्वी कन कथा शौदोदनि ।
श्रेय तत्व गृहस्थ जूसां ज्ञान द्वारा वं थुल
गुगु खँ थ्वीक्य मफैगु अज्ञानी जुया: मन चञ्चल,
विगततृष्णापिं दुथाय् वा स्वर्गते व तपोवने
च्वंम्ह ज्वीब्यु अरूप लोके वा व नन्दन कानने।
धाल वं श्रद्धा तया: अति बिन्ति याना: ल्हा: निपा -
"बुद्ध धर्म व संघया शरणे वया जि तया: कृपा
दक्व श्रावक संघपिं मुंका: बिज्याहुनि श्रीधन !
संघ सकस्यातं कन्हे छुन्हु याक्य छुं भति भोजन !"
बुद्ध भगवान् मुसुक न्हिल थुख्य, उख्य तुमुज: क्ल भति
मौन द्वारा ज्वीव स्वीकृति वन अनं उम्ह गृहपति ।
थुगु खँ सीवं राजगृहश्रेष्ठी सुदत्त स्वया: थुलि
धाल -"दाजु! जिकेक्या: दिसँ अन्न, धन गुलिमा: उलि।"
"दु:ख छ्वीत जिके दु खर्च गुकिं ससंघ तथागत-
यात भोजन याक्य जिं बरु ज्यामि जक मा:छि ब्युजित:"
थुलि धया: लिमका:नि म्हुतु वं राजगृहया नैगमं
धाल अन थ्यंक: वया: "का माक्व खर्च जिके थमं"
वं लिस: बिल कैत नं अथ्य हे धका विनयी जुया: ।
मगधराजं जुल थ्व आज्ञा लाय्कुली स:तक्य हया: -
"दानवीर अनाथपिण्डक ! ख: छि जिमि पाहाँ थुक्र
खर्च दैमखु राजगृहया राजकोषे माक्व का"
विन्ति यात व गृहपतिं उम्ह मगधनृपया ख्वा: स्वया:-

"देव ! गा: छ:पिनि प्रतापं माक्व खर्ख महादया !"
उख्यर श्रेष्ठीयागु भुतुली च्वन बुना: सा:सा:गु क्वा,
थुख्य सुदत्तं खर्च यायत च्वन क्यना: चक्कंगु ल्हा: ।
उखुनु भगवान् राजगृहया साहुया पाहाँ जुल,
वं कन्हेखुनु धीर श्रावस्तीय श्रेष्ठी पा: फल ।
थ: थम्हं लहिका: जुया: वं अमित भोजन याकल,
संघ पिनि भोजन सिधयुवं थुगुकथं ग्वेदां तल-
'उत्थें जिं स्यू प्राय छ:पिन्त शास्ता !
प्रासादे वा वृक्षमूले बिज्या:सां
अय्नं बाहा जिं छ्गू दय्क्य भिंक
श्रावस्ती विश्राम याना: बिज्याय्‌त ।" (शालिनी)
वैगु उगु श्रद्धा व भक्तिं वैगु हृदय क्यना: बिल
बीगु इच्छा वैगु सीका: शाक्यमुनि मुसुहुं न्हिल-
"पल्पसा थें चपल धन, सम्पत्तिया द्वैं च्वंम्ह सां
छ्गु निश्चय दृढ व हानं बीगुली जक मन सदा.
ता: छ सुख धर्मे स्वभावं, सत्य खनिगु छ अद्भुत !"
बैंत हानं मेगु नं कन दान महिमा विस्तृत-
"वस्त्र ब्यूम्हं सौम्यता बी, अन्न ब्यूम्हं बी बल,
किन्तु धार्मिक पुरुषपिन्त निवास ब्यूम्हं फुक बिल"
हर्ष पूर्वक बुद्ध भगवान्यात बाहाले तया:
वन्दना याना: व गृहपति वँन अनं आज्ञा क्या: ।
धन्य धन्य अनाथपिण्डक व:म्ह अज्ञाने दुना:
ज्ञान द्वारा शुद्धचित्त ज्वना: व श्रावस्ती वना:
मात्तु माल विहार दय्क्यत लोगुं थाय् अन सकभनं,

जेतबन खन अति मनोरम, न्यायगु इच्छा यात वं।
जेत राजकुमारयाथाय् वन व उपवन कायत
किन्तु जेतकुमार उगु उद्यान बीत असम्मत।
गृहपतिं हानं निवेदन यात "छिगु उपवन जित:
आर्यपुत्र! बियाः बिज्याहुनि बिन्ति बाहा दयूक्यत।"
वैत जेतं बिल लिसः "आराम का हे कायूगु सा
का उकी श्रेष्ठी प्रवर! छिं न्यंक लुँम्बहँ लायूफुसा"
"ज्यू!" धयाः वं स्वर्णमुद्र यक्व काय्क्य छ्वयाः अन
लाःबले छकुलां मजायाः "मेगु नं हति याकन"
धाःगु तायाः जेतराजं थःगु चित्ते वायूकल-
"ज्वी थ्व कार्य महत्त्व पूर्णगु छाय् लूँ चा थेँपोंक्ल!"
धाल प्रकटे "गात साहुजु! पोंक्य धन थुगु भूमिस
ल्यंगु थाय् फूक दान बीधुन थःत माक्व क्याः दिसँ"
थुगु खँ तायूवं गृहपतिं अत्यन्त लयूतायाः थुलि
धाल- "अयूसा 'जेतवन आराम' थुकिया नाम ज्वी"
दयूक्य बिल वं उगु क्यबेतःधंक उत्तम मन्दिर
दुगु अनेक बिहार, ध्यानागार, मण्डप सुन्दर
चंक्रमणशाला, सभागृह, अग्निशाला, बहि, धुकू,
लःत्वन्यगुथाय, कःसि, स्नानागार, चःबि व चुकः पुखू।
उगु विहार अनाथपिण्डक्या विभवया मूर्ति खः,
बा थ्व पृथ्वी यक्षराज कुवेरया प्रासाद खः,
भव्य कोशल देशया सौभाग्य-शशिया चिन्ह खः,
बा तथागत जूगु थाय् थें हे पवित्रगु थाय् व खः।
वैगु बाहा नाप नापं मेपिसं दयकल सतः।

छम्ह दरिद्र नं "थ्व ज्या भिंज्वी" धका छुंज्या छुत।
थःथमं अप्पा छिनाः वं दन्यत अंगः निं दन
किन्तु दन्य व मसःगुलिं जाय् त्यंगु अंगः फुक दुन।
न्ह्याक्व दंसां दुनिगु हानं, वैगु जाइ गनं चपाः!
खिन्न जुल व दरिद्र धार्त्थे थःथमं दायाः कपाः-
"भिंगु चीवर, साःगु भोजन, पथ्य वासः, च्वन्यगु थाय्
बीफुपिन्त स्यनाः कनाः च्वनि भिक्षुतयूसं माःगु ज्या"
उख्यर भगवानं सियाः थ्व खँ भिक्षुपिं सःताः फुक
बिल अनुज्ञा "न्हयाम्हस्यां थजु बहि, सतः, बाहा, चुक
दयूक्य इच्छा यात धाःसा संघया सम्मति क्याः
भिक्षु छम्हस्यां स्वेगु याय्माः माःगु खँ सल्हा बियाः"
थुख्यर श्रेष्ठी गुरुबिज्याक्यत खः ग्वकल स्वे यइपुक,
दानशाला दयूक्य बिल वालंचिकाः माःथाय् तक।
ध्वाँय् पत्ताका आदि ब्वेकाः न्यंक जिगिजिगि छाय्पल,
ब्याक त्वाः हे थ्वक्क लाछी विविध बाजं थाकल।
वन व गृहपति शाक्यमुनि कःवन्यत परिजनपिं ब्वनाः
दयूक्य वं हे ब्यूगु लँ लँ च्वंगु सतले बाय् च्वनाः।
राजगृह थ्यंकाः ससंघ मुनीन्द्र वैशाली जुयाः
अन वनाः नापं ब्वनाः हल बुद्धयात पियाः पियाः।
थःगु देशे थ्यनिथ्य च्वन्यवं दक्व फुक बाजं खलः
मार्ग छगुलिं थःगु याना शीध्र अमित लँ स्वःवल।
वल निमन्त्रित इष्ट मित्रं सहित थःथितिपिं फुक
सुगतयागु तुतः ब्वनाः लयवंक न्यन्य हे यइपुक।
धुंधुपायूया गन्ध दुगु लँ तुफि लुयाः वल छम्ह मिसा,

न्यंक थानाकापतं लैं त्वीक लाया: तल बसा।
ताय् ह्वला: व:पिं व पञ्चसुगन्ध हा:हा: या:पिसं
त्यूगु बांबांला:गु मूनं यक्व स्यंगु तिसातस्यं
हल व लैं मेपिनि तिसाया म्बा मदुगु आलोचना
याइपिनि चञ्चल मिखा नं फुक तिसाया नां कना:।
किन्तु भगवान् खन्यव अमि छ्यौंभक्ति भावं क्वच्छुत,
हतपतं जाकिं पुज्याना: चपलता फुक वांछ्वत।
थुगु प्रकारं देश हे लयूतायूक: श्रावस्ती दुन्य
धर्मराज खते बिज्याकल रत्नमय सिंहासने.
धीर सुप्रिय साथबाहं यक्षतय क्रीडास्थल
बज्रद्वीपं ह:गु चिन्तामणि ध्वजा गय् ब्वेकल।
पा:गु थुलिजक अन व साहुं विपुल धन वा गाकल
थन ध्व श्रेष्ठीं सुगतया पीयूषवाणी त्वंकल
तुति सिका: पञ्चोपचारं यात पूजा सकसितं.
साहुनी साहू व वया परिजनपिसं बाह्मांछुत
जा:गु गुलपा: बिया: च्वन साहुजुं सूमह्नि तया
साहुनी जा हे बिया: च्वन जापिचाय् चतनं तुया:
जाकि, वा फं काय्पिसं बिल गुलिसिनं बिल दक्षिणा.
भौपिसं निसला: बिया: च्वन अष्टमङ्गलमह्नि तया:।
सत्तुया गुल्पा:, सर्बेमह्नि बिल मिजंपिं छ्यपिसं.
बिल छ्व कय्गु, गोगुमाय् म्वा: आदि बूब: म्हयाय्पिसं
जा:गु जासिम्हिचा व माय् दुगु क्यंसिम्हिचा बिल छ्यपिसं,
मेगु फूक दातव्य वस्तुत बिल वया थ:थितिपिसं-
ल्वीक पल्यस्वांयागु लपत्ये खीर ताना: गुलिसिनं,
गुलिसिनं दुरु साखति भौंचा, चि व चिकंथल गुलिसिनं।
गुलिसिनं बिल फंसि, धाले. पासि आदि सिसाफल,
गुलिसिनं दतिवं, सलां बिल, गुलिसिनं अम्ब: हल:।
गुलिसिनं चीवर ल्यया:च्वन 'हुं गु थुक्यिा जो' धका,
लाखि, तुफि गुलिस्यां दु ल्हाते, मेम्हस्याक्य दु मुलु सुका।
गुलिसिनं नील: थना: बिल न्हूगु ह्याउँगु अँ:पचा,
गुलिसिनं ल्हये ल्हीगु आदि मा:गु तक ज्याय् च्वन त्वपा:।
दानवीर अनाथपिण्डक गृहपतिं दकले लिपा
दान बिल श्रद्धा व भक्तिं चा छकू अप्पा छपा-
"संघया छ्यँबुं न्हयागगुधा धाय्लोगु ख: बाहा छगू
थौं उकीं ज्वीमाल स्वीकृत 'जेतवन बाहा' थुगु"
ल्हा: फया: वं ब्यूगु उगु अप्पा व चा नित्तां क्या:
यात भगवानं प्रशंसा वैगु उत्तम दानया-
"गुलिसिनं बी भोग इच्छां, गुलिसिनं धन दय्क्यत,
गुलिसिनं यश हेतु अथवा थ:त कृषण मधाय्क्यत,
स्वर्ग नितिं गुलिसिनं, तर हेतु मदु छुं ब्यूगुया"
धाल "भगवन्!" भक्ति गद्‌गद गृहपतिं तुति भोपुया:।
वैत सुगतं धर्म स्यूम्ह 'महाउपासक' नां तया:
"धन्य गृहपति धन्य" धाधां कन महत्ता दानया-
"दान हे ख: तिसा लोके, दानं हे फ्वीगु दुर्गति,
दान ख: स्वर्गया स्वान्हे, दानं हे मन शान्त ज्वी"

*(महाउपासक नामगु भिँप्यंगूगु सर्ग सिधल*

***ने. सं. ६५ बालाच:रे)***

◆

# कार्ल विलहेम ट्रेङ्कनर



✍ रत्नसुन्दर शाक्य

१९ औं शताब्दीमा यूरोपमा पालिसाहित्यको व्यापक प्रचार प्रसारार्थ आफ्नो समस्त जीवन बिताउनु भएका केही विशिष्ट व्यक्तित्वहरूमा कार्ल विलहेम ट्रेङ्कनर (Carl Wilhelm Trenckner) पनि एक प्रमुख हुनुहुन्छ । उहाँले आफूलाई Wilhelm को छोटकरी रुप V को रुपमा स्वीकार गरी V Trenckner भनी उल्लेख गरिराखेको हामी पाउँछौं ।

उहाँको जन्म २६ फरवरी १८२४ का दिन डेनमार्कको राजधानी कोपेनहेगन (Copenhagen) स्थित एक नान (रोटि) व्यापारीको पुत्रको रुपमा भएको थियो । उहाँले आफ्नो प्रारम्भिक एवं माध्यमिक शिक्षा कोपनहेगनस्थित एक जर्मन स्कूलबाट पूर्ण गर्नुभएको थियो ।

भि. ट्रेङ्कनरले यस पश्चातको उच्च शिक्षा स्व. अध्ययनबाट नै प्रगति गर्दै जानुभएको थियो । यसै प्रसंगमा उहाँले कयौं पूर्वीय र पश्चिमी भाषाहरूमा विशेष दक्षता (विज्ञता) प्राप्त गर्दै जानुभएको थियो । उहाँले विशेषत: डेनमार्क कै पूर्वीय भाषा, सहित्य र इतिहासका ज्ञान द्वय रस्मस क्रिश्चियन रास्क र एन.एल. वेस्टर गार (Rasmus Kristian Rask and N.L. Westergar) को प्रेरणाबाट सो विषयहरूमा आफ्नो पनि दक्षता प्राप्त गर्न सफल हुदै जानुभएको थियो ।

उपर्युक्त डेनमार्कका द्वय विद्वानहरूमा आरके रास्कले ७ वर्ष सम्मको पूर्वीय देशको भ्रमणकालमा छ वर्ष (सन् १८२१-२७) श्रीलंकामा बिताउनु भएको थियो । त्यस अवधिभित्रमा उहाँले पालि र सिहाली भाषाको विस्तृत अध्ययन मनन पश्चात् स्वदेश फर्कनुभएको बेला प्रशस्त ताडपत्रमा लिखित पालि बौद्ध ग्रन्थहरू लिएर आउनुभएको थियो । स्मरणीय छ, उहाँले ती ऐतिहासिक ताडपत्रमा लिखित ग्रन्थहरू Royal Danish Academy लाई प्रदान गरिएको थियो ।

यस्तै भि. टेङ्कनरका अन्य प्रेरक व्यक्तित्व एन. एल वेस्टर गारले पनि पूर्वीय देशको व्यापक भ्रमण पश्चात लेखिएको आफ्नो यात्रा वृतान्तमा ती पूर्वीय देशहरूको विविध विषयहरूको सूचीपत्र ( Catalogus) समेत तयार गरी सो विवरण ग्रन्थ

सन् १८४० मा प्रकाशित गर्नुभएको थियो।

यस प्रकार डेनमार्कका उपर्युक्त द्वय विद्वान्को प्रेरणाबाट भि. ट्रेङ्कनर प्रभावित हुनुभए जस्तै अन्य एक डेनिस व्यक्तिले पनि आफ्नो प्रतिभा अनुरुप सन् १८५५ मा मूल पाली त्रिपिटक ग्रन्थ धम्मपदलाई लाटिन भाषामा ( रोमन लिपिमा) अनुवाद गरी प्रकाशनका साथै सम्पूर्ण पालि जातक साहित्य सन् १८६१-७२ भित्रमा अनुवाद गरी सन् १८७७-९७ भित्रमा ६ खण्डको रुपमा प्रकाशन गर्नुभयो पालि त्रिपिटक ग्रन्थ-"सुत्त निपातलाई सन् १८८१ मा अनुवाद गरी सन् १८८४ भित्रमा प्रकाशन आदि कार्यहरू सम्पन्न गरी सन् १९०८ मा यस संसारबाट प्रस्थान गर्नुभएको थियो। उहाँ हुनुहुन्छ- प्रो. मिखाइल भिगो फासबल (Prof. Michael Viggo Fausboll)

विलहेम ट्रेङ्कनरले अन्य विद्वानहरू सरह कुनै विश्व विद्यालयहरूमा अध्ययन गरी कुनै डिग्री प्राप्त गर्नुभएको थिएन। उहाँले आफ्नै गहन स्व. अध्ययनबाट आफ्नो मातृभाषा लगायत कयौं पूर्वीय र पश्चिमी भाषाहरूका आधिकारीक विद्वान बन्न सफल हुनुभएको थियो। उहाँ विशेषतः अङ्ग्रेजी, लाटिन, ग्रीक, फ्रेन्च, जर्मनी, इटाली, स्पेनिश, रसियन, संस्कृत, पालि, सिंहली, वर्मोज, हिन्दी, पर्सियन, अरविक, तमिल, वंगाली, सिरियाई भाषाविद थिए। अतः उहाँ अन्तराष्ट्रिय ख्यातिप्राप्त पाली भाषाका विशेषज्ञ एवं कोराकार पनि बन्न सफल हुनु भएको थियो। साथै कयौं पाली बौद्ध ग्रन्थहरूको सम्पादक एवं अनुवादक पनि हुनुभएको थियो।

भि. ट्रेङ्कनर अरवियन र पर्सियन भाषामा पनि विशेष दक्षता प्राप्त व्यक्ति हुनाको कारण सन् १८५३ मा उहाँ डेनमार्कको Royal Library मा कुनै एक विशिष्ट पद प्राप्त गर्न सक्षम व्यक्ति भइसकेका थिए तर त्यहाँ स्थित प्राच्यविद् प्रोफेसरहरूको ईर्ष्याको कारण उहाँ सो पदमा पुग्नु भएन। यसको सट्टा उहाँले सन् १८६१ मा एक शुद्ध (पवित्र) रुपमा परोपकार कार्य गर्ने मौका प्राप्त गर्नुभयो। त्यो हो- कोपनहगन अनाथ आश्रम ( Copenthagen Orphans Asylum) का बच्चाहरूलाई आवश्यक प्रबन्ध गर्नु। उहाँले अनाथ आश्रमका भूगोल आदिको प्रारम्भक शिक्षा एवं तिनीहरूको विशेष प्रगति गराई प्रत्येकको जीवनलाई हरतरहले सक्षम बनाउँदै लानुभएको थियो।

माथि उल्लेख गरि नै सकें भि. ट्रेङ्कनर भि. फास बलका समकालीन थिए। विगो फाँसबलले जस्तै उहाँले पनि सन् १८५४-५५ देखि पाली बौद्ध ग्रन्थहरूको सम्पादन कार्य सुरु गर्दै ल्याउनुभएको थियो। उहाँको सुरुको सम्पादित ग्रन्थ हो - 'अभिधानप्पदिपिका'। यस ग्रन्थलाई उहाँले वर्णानुक्रमानुसार शव्द सूचि समेत राखि तयार गर्नुभएको थियो। यस्तै उहाँले धातुमञ्जुषा नामक कृति पनि सन् १८५८ मा सम्पादन गर्नुभएको थियो।

यस प्रकार भि. ट्रेङ्कनरले १९ औं शताब्दीको छैठौं दशकको मध्यदेखि धराधर पाली ग्रन्थहरूको सम्पादन सुरु गर्ने क्रममा दीधनिकाय (सन् १८५६-५७) मिलिन्द पञ्हो (

सन् १८५७-५९) मज्झिम निकाय र यसको अट्ठ कथावपञ्चसूदनी (सन् १८७३) अट्ठसालिनी धम्मसंगणी अट्ठकथा सारसंग हो र सुत्तनिपातको पनि सम्पादन गर्दै निकाय जानु भएको थियो यस पश्चात् उहाँले सम्पूर्ण संयुक्त र अंगुत्तरनिकाय ग्रन्थको अट्ठकथा मनोरथ पूरणी लाई पनि सन् १८८५ मा सम्पादन कार्य पूरा गर्नुभएको थियो ।

सन् १८८० मा भि. ट्रेङ्कनरले 'मिलिन्द पञ्हो' को सम्पादित कृति प्रकाशित गर्न सफल हुनुभएको थियो । यस पश्चातको दस वर्ष उहाँले मज्झिम निकाय ग्रन्थको सम्पादन एवं प्रकाशनमा व्यसत हुनुभएको थियो तर उहाँले सम्पूर्ण ग्रन्थको आधा मात्र (पहिलो खण्डमात्र) छपाई कार्य भएको देख्न पाइएको थियो ।

उहाँले मज्झिम निकाय ग्रन्थको पूर्ण छपाई देख्न नपाए जस्तै आफूले सुरु गरिएको (Critical pali–Dictionary) को कार्य पनि अधुरो रहेको थियो जसलाई पछि उहाँका उत्तराधिकारी डेनिस विद्वान दिनेस आण्डरसन (Dines Andersen) र स्वीडेनका पालि विद्वान हेल्मर स्मीथ (Helmer Smith १८८२-१९५६) ले क्रमिक रुपमा सम्पादन एवं प्रकाशन गर्दै जानुभएको थियो ।

स्मरणीय छ भि. ट्रेङ्कनरलाई Critical pali Diclionary सम्पादन गर्ने प्रेरणा बृटेनका पालि विद्वान डा. रोबेर्ट चिल्डर्स (Robert Childers) द्वारा सम्पादित Pali Dictionary (१८७५) बाट भएको थियो। यस Pali Dictionary ले यूरोपमा पालि साहित्य अध्ययन कर्ताहरूलाई ४ दशक (सन् १८७५-१९१५) सम्म अर्थात् Pali–Text Society का संस्थापक प्रो. रीस डायलिडस ( Prof. Rhys Davids १८४३-१९२२) र उहाँको साहकर्मी डा. विलियम स्टेड ( Dr.William Stede 1882-1958) द्वारा सम्पादित Pali English Dictionary प्रकाशित नभएसम्म सेवा पुऱ्याउँदै आएको थियो ।

विलियम ट्रेङ्कनरले विशेषत: सन् १८६१ देखि आफ्नो समस्त जीवन कोपनहेगन अनाथ आश्रम (Copenhagen orphans Asylum) का बच्चाहरूको उत्थान कार्य र पालि बौद्ध साहित्य विशेष सरक्षण हेतु आफ्नो देशबाट कहीं (बाहिर) नगईकन सादा जीवन उच्च विचार को रुपमा शान्त सौम्य् र एकान्तप्रेमी भई जीवन विताई अन्तमा ६७ वर्षको उमेरमा सन् १८९१ मा उक्त अनाथ आश्रम मै आफ्नो जीवन परित्याग गर्नुभएको थियो ।

स्मरणीय छ, उहाँलाई डा. राबर्ट चिल्डर्सले A Ripe and graceful Pali Scholar (एक योग्य र सुन्दर पालि विद्वान) र डेनिस विद्वान दिनेश आण्डरसनले A most inagenious Pali scholar (एक निकै प्रवीण पालि विद्वान) को रुपमा उल्लेख गरीराखेको हामी पाउँछौ ।

**सन्दर्य**


१. The Westerm Contribution to Buddhism
William Peries
Motilal Banatasidas
Jawahar Nagar Delhi-1973

२. बौद्धजगत्का स्मरणीय व्यक्तिहरू- छैठौं भाग
रत्नसुन्दर शाक्य
भिक्षु ज्ञान पूर्णिक महास्थविर
प्रमुख श्रद्धालुहरू-२०७३

# बुद्ध यस्तो हुनुहुन्थ्यो

✍ घनश्याम राजकर्णिकार

शान्ति र सत्यको खोजीमा भड्कँदै हिँड्ने राजकुमार सिद्धार्थ गौतमले ३५ वर्षको उमेरमा एकदिन गयाको एउटा रुखमुनि ध्यानमग्न भएको बेलामा आफूले खोजेको ज्ञान प्राप्त गर्नुभयो । त्यसपछि उहाँलाई बुद्ध, त्यो रूखलाई बोधिवृक्ष र उहाँले प्राप्त गरेको ज्ञानलाई बुद्धधर्म भनियो । उहाँ यसरी नेपालको विभूति, एशियाको ज्योति तथा संसारको शान्तिनायक हुन पुग्नु भयो

वास्तवमा तथागत गौतम बुद्ध महामानव हुनुहुन्छ । उहाँले अनेक दुःख कष्ट सहेर, त्याग तपस्या गरिकन बुद्धत्व प्राप्त गर्नु भएको हो । तर यत्तिकैमा उहाँ सन्तुष्ट हुनुभएन । उहाँले संसारका विषयवस्तुमा भुलिरहेका मानिसहरूलाई यो सांसारिक झैंझमेला तथा दुःखबाट मुक्त हुने बाटो देखाउन विभिन्न ठाउँमा चहार्दै आफ्ना उपदेशहरू सुनाउँदै हिँडनुभयो । तर उहाँको महत्ता नै यो छ कि उहाँले मानिसलाई "मेरो शरणमा आऊ म तिमीहरूलाई दुःखबाट तारिदिन्छु" भनि कहिल्यै भन्नुभएन । बरु उहाँ भन्नुहुन्थ्यो "आफ्नो उन्नतिको लागि स्वयं आफैले साधना गर । म तिमीहरूको सहायता गर्न सक्दिन, न अरू कोही नै गर्न सक्छ । आफ्नो सहायता आफै गर । निर्मल मन र शान्ति होस्, कलह केही नहोस् ।" साँच्चै यस्ता आदर्श तथा आत्मोन्नतिका शिक्षाहरू व्यक्ति-विशेषका लागि मात्र होइन समाजको उत्थानका लागि पनि उपयुक्त देखिन्छ ।

शान्तिका नायक तथागत बुद्धको महिमा अपार छ । संसारको गुरुजालमा फसेका अनभिज्ञ अंगुलिमालले एकसमय मानिसहरूको औंला काटेर उधुम मचाएका थिए। यिनले गुरु दक्षिणाको लागि हजार ओटा औंलाहरू काटि माला लगाई राखेका छन् भनी सुन्ने मानिसहरू उनीदेखि डराएर भाग्ने गर्थे। यस्तैबेला तथागत बुद्ध एकदिन उनका सम्मुख जानुभएछ ।

तर विवेकहीन अंगुलीमालले बुद्ध पनि भागिरहेका देखेछन् र उत्निखेर सोधेछन् "श्रवण तिमी मदेखि किन पर दौडिरहेको ?"

बुद्धले मुसुक्क हाँसी, शान्त भावले भन्नुभयो "तिमी पो दौडिरहेका छौ । म त अडिनै रहेको छु । हेर, तिमी आफ्नै कर्मले झन् झन् दलदलमा फसिरहेछौ । होसमा आऊ अंगुलीमाल, घृणित कार्यलाई परित्याग गर ।"

"मलाई यस्तो शिक्षा दिने तिमी को हौ ?" भन्ने अंगुलीमालको कटु प्रश्नको जवाफमा मधुर स्वर गरी बुद्धले भन्नुभयो "हेर, म राग, द्वेष, मोह तथा तृष्णा नभएको मानिस हुँ जसलाई अरूले जगत् गुरु सम्यक् सम्बुद्ध भनि संवोधन गर्दछन् ।

म मात्र होइन जो कोही पनि ऊ राग, द्वेष, मोह, तृष्णा आदिबाट अलग्ग भएको छ भने त्यस्तालाई तिमी कहिल्यै केही गर्न सक्ने छैनौ ।"

यो सुनी अंगुलीमालले वेहोशीबाट विउँझे झैं भई डराउँदै भने- "प्रभु भगवान् बुद्ध भनेर मैले थाहा पाइन, क्षमा पाऊँ देव । शरण आएको म उपासकलाई रक्षा गरीदिनोस् ।"

यस्तो अनुनय सुनी उनको निन्दनीय कार्यलाई क्षमा गर्नुहुँ दै महामना बुद्धले उनको कल्याण तथा उद्धार गर्नुभयो ।

यस्तै, संसारमा जन्मेको जोसुकैको पनि एकदिन मृत्यु हुन्छ भन्ने कुरा थाहा पाउन नसकेकी तथा मरेको आफ्ना छोराले बोलेन बोल्न लगाई देऊ भनी कराउँदै आइ पुगेकी कृशा गौतमीलाई बुद्धले संझाउँदै "आत्तिनु पर्ने कुरा केही छैन तिम्रो छोरालाई बोल्न सक्ने तुल्याउन पहिले यस शहरको कुनै एउटा यस्तो घरबाट एक मुठ्टी तोरीको दाना ल्याउ जुन घरको परिवारमा कसैको मृत्यु भएको छैन अनि म तिम्रो छोरालाई बोल्न सक्ने तुल्याइ दिन्छु" भन्नुभयो । यो सुनी खुशी मान्दै मानिसको मृत्यु नभएको घर परिवार खोज्दै उनी ठाउँ ठाउँमा पुगिन् तर कहिं कतै कोही नमरेको घर उनले फेला पार्न सकिनन् । अन्तमा उनलाई आफ्नै विवेकद्वारा सत्यको अनुभूति तथा अनित्य संसारको वास्तविकताको आभास भयो । यसरी तथागत बुद्धले अबोध कृशा गौतमीमा सत्यको अनुभूति र वास्तविकताको ज्ञान गराउनु भयो ।

कुनै कसैले गरेको उपहास र तिरस्कार प्रति हाम्रो धारणा कस्तो हुनुपर्छ भन्ने कुरा भगवान् बुद्धको समयमा घटेको एउटा घटनाबाट छर्लङ्गिन्छ । एक दिन भगवान् बुद्ध आफ्ना भिक्षुसङ्घका साथ राजगिर र नालन्दाको बीचबाटोतिर गइरहनु भएको थियो । त्यसैबेला सुप्पिय परिव्राजक र उनका शिष्य ब्रह्मदत्त पनि त्यतैतिर गइरहेका थिए । त्यसवेला त्यहाँ सुप्पिय परिव्राजकले बुद्धको उपहास गर्दै थिए, धर्मको निन्दा गर्दै थिए तथा संघको आलोचना गर्दै थिए । तर सुप्पिय परिव्राजकका चेला ब्रह्मदत्तले चाहिँ अनेक प्रकारले बुद्धको, धर्मको र संघको प्रशंसा गर्दै थिए । यसरी गुरू-शिष्य दुवै परस्पर विरोधी कुरा गर्दै भगवान् र भिक्षुसंघका पछि-पछि गइरहेका थिए । भोलिपल्ट बिहान भिक्षुहरूबीच उक्त घटना सम्बन्धमा चर्चा परिचर्चा हुँदै थियो । भगवान् बुद्धको विषयमा सुप्पिय परिव्राजकको उपहासयुक्त अभिव्यक्ति प्रति त्यहाँ असुन्तुष्टि र आक्रोशको वातावरण सिर्जना हुँदैथियो । यो कुरा भगवान् बुद्धले थाहापाउनुभयो र भिक्षुहरू भएको ठाउँमा जानुभई भन्नुभयो- 'भिक्षुहरू' अरूले मेरो निन्दा गरेमा वा धर्मको निन्दा गरेमा वा सङ्घको निन्दा गरेमा गर्न दिनु तर यसबाट रिसाउनुपर्ने, मनमा आघात लिनुपर्ने वा असन्तोषी हुनुपर्ने कुरा केही छैन । यसबाट उनीहरूको केही हुन्न तर तिमीहरूको हानी हुन्छ । हामी निर्दोष छौं र हाम्रो बाटो सही छ भने हामीलाई नानाथरीले दोषारोपण गरेको भएपनि हामी रिसाउनुपर्ने कारण केही छैन, तिनीहरू स्वयं दोषी छन्, तिनीहरूको कुरालाई हामीले ग्रहण गर्नुपर्दैन । हेर, जीवनमा यस्ता मारहरू बारम्बार आउनेगर्छ । यस्तो बेलामा हामीले मनमा कुनै क्लेश भावना नराखी समभावलाई ग्रहण गर्नुपर्छ, अनिमात्र हामी कल्याणको बाटोमा अग्रसर भइरहेका हुनेछौं ।

त्यस्तै अरुले मेरो प्रशंसा गरेमा पनि तिमीहरू आनन्दित हुनुहुन्न, प्रफुल्लित हुनुहुन्न। हामी राग र द्वेषको भुमरीमा कहिल्यै फस्नुहुन्न । अरुले भनेको कुरालाई हामीले सहजै ग्रहण गर्नुहुन्न । प्रशंसा गर्नेहरू वा उपहास गर्नेहरूले भनेका कुराहरू साँचो हुन् भने मात्र ती कुराहरू हामीले मान्नुपर्छ, ग्रहण गर्नुपर्छ । होइन भने प्रशंसित वा आरोपित कुराहरूबाट हामी प्रभावित हुनुपर्ने कुरा केही छैन । त्यसैले भिक्षुहरू ! समभावलाई आत्मसात गर्दै हामी आफ्नो गन्तव्य स्थान तिर लागौं ।

भगवान् बुद्धबारे अब प्रसङ्ग हेरौं । पूजा-पाठ, भजन-कीर्तन, अराधना-गंगास्नान आदिमा मात्र तल्लीन भएर धर्म प्राप्त गर्न गाह्रो पर्छ । वस्तुत: आफ्ना मानसिक विकारहरू निर्मुल पारी, चित्त शुद्धिकरण गरी, पाप कर्मबाट पन्छिई, शुध्द धर्मतिर लाग्नुपर्छ भन्ने बुद्धको सन्देश छ । यस परिप्रेक्षमा सुन्दरिक भारद्वाज भन्ने एकजना ब्राह्मण र भगवान् बुद्धको बीच भएको छोटो वार्तालापलाई यहाँ प्रस्तुत गर्न उपयुक्त ठान्दछु ।

एकसमय सुन्दरिक भारद्वाज भगवान् बुद्धको सन्मुख थिए । उनले भगवान् बुद्धसँग प्रश्न गर्नुभयो 'हे, लोकनाथ, के तपाई बाहुका नदीमा गएर स्नान गर्नुहुन्छ ?'

भगवान् बुद्धले मुसुक्क हाँस्नुभई भन्नुभयो - 'ब्राह्मण, बाहुका नदीमा गएर के गर्ने ? त्यहीं स्नान गर्नुपर्छ भन्ने केही छैन ।'

ब्राह्मणले भने-'हे लोकनाथ, बाहुका नदी गौरवशाली छ, पवित्र छ भनेर सबैले मानिआएको छ । यो नदीमा नुहाए पुण्य प्राप्त हुन्छ, जानेर वा नजानेर आफुले गरेका सबै पाप पखालेर जान्छ भन्ने सबैको धारणा छ ।

भगवान् बुद्धले सुन्दरिक भारद्वाज ब्राह्मणलाई सम्झाउँदै भन्नुभयो- हेर सुन्दरिक बाहुका होस वा गङ्गा, त्यस्तै सरस्वती होस वा प्रयाग, पाप कर्म गर्नेले यस्ता नदीमा दिनहु नुहाएमा पनि उस्को पाप कर्म पखाल्दैन, ऊ शुद्ध हुन सक्दैन । पापकर्मी दुष्ट नर नारीले पवित्र मानिने कुनै पनि नदीमा नुहाएको किन नहोस तर ऊ धर्मात्मा हुन सक्दैन, उनमा पवित्रता कहिल्यै छाउन सकिदैन । शुद्ध मानिसका लागि फल्गु नदी पनि प्रयाप्त छ । शुद्ध एवं सद्धर्मीले जुन सुकै नदीमा नुहाए पनि स्नान अपूर्ण नभई पूर्ण हुनेछ । ब्राह्मण ! यदि तिमी झुटो बोल्दैनौ, हिंसा गर्दैनौ, परवस्तु अपहरण गर्दैनौ, श्रध्दावान भै सद्धर्ममा लाग्छौ भने गया नै पुग्नुपर्छ भन्ने छैन, क्षुद्र जलाशय पनि तिम्रो लागि गया हुनेछ ।

भगवान् बुद्धको यस्तो कुरा सुनिसकेपछि सुन्दरिक भारद्वाज ब्राह्मणले खुशि हुँदै भने - 'हे तथागत, आश्चर्य ! आश्चर्य ! घोप्टिएको वस्तुलाई सुल्ट्याइ दिए झैं, ढाकेको कुरालाई उघारी दिएझैं, बाटो भुलेका पथिकलाई मार्ग देखाइदिए झै अथवा अन्धकारमा बत्ति बालिदिए झै तपाईंले अनेक प्रकारबाट धर्मको ज्योति बालेर देखाउनु भएको छ । अब म तपाईको शरणमा आउँछु, धर्मको शरणमा आउँछु, भिक्षुसंघको शरणमा आउँछु ।' यस्तो हुनुहुन्थ्यो बुद्ध । यस्तो महामना बुद्धमा सतत् प्रणाम गरी उहाँले देखाउनु भएको बाटोमा लाग्नु भनेकै शुद्ध धर्मधारण गर्नु हो जस्तो लागिरहेछ मलाई ।

# अष्ट महास्थान- बौद्ध तीर्थयात्रा

रत्नप्रसाद प्रजापति

गत २०८० साल पौष ७ गतेदेखि २० गतेसम्म को हाम्रो अष्ट महास्थान बौद्ध तीर्थयात्रा बुद्ध-धर्म र बौद्ध तीर्थका ज्ञाता बसन्त महर्जन र मित्र भेषराज मानन्धरको अगुवाइमा सम्पन्न भएको थियो ।

२८ जना यात्रुहरू भएको हाम्रो समूह जसमा हामी भक्तपुरका ६ जना थियौं । मित्रहरूमा शीवराम ख्वाजु, लगायत मेरी श्रीमती जमूना पनि थिए । हामी भक्तपुरबाट रिजर्व बस लिएर काठमाण्डौं पुग्यौं । काठमाण्डौं प्रस्थान गरेका हामी दिनको २ बजे खान सकाई वीरगंजको लागि प्रस्थान गऱ्यौं । वीरगंजको नवदुर्गा होटलमा हामी ८ बजे पुगी १० बजे हामीले खाना सकाई रातको १२ बजे मात्र आ-आफ्नो सयनकक्षामा पुग्न सक्यौं ।

यात्राको दोस्रो दिन ८ पौषको विहान ६ बजे नै जलपान तयार गरे सकाई भिस्वा स्तूपको दर्शन गर्न गयौं । भिस्वा स्तुपको अवलोकन पश्चात नै हामी नेपाल सीमा पार गरी भारतको बिहार प्रदेश चम्पारणस्थित केशरिया स्तुपको विशाल भग्नावशेष अवलोकनार्थ पुग्यौं । त्यहाँबाट ३:३० बजेतिर पुन: यात्रारम्भ गरेका हामी सांझको ५ बजेतिर बैशालीको श्रीलंका विहारमा बास बस्न पुग्यौं । सोही दिन हामी भियतनामी ध्यान केन्द्रको अवलोकनार्थ पुग्यौं ।

यात्राको तेस्रो दिन ९ पौष हामी बैशालीको प्राचीन अवशेषको रुपमा रहेको भग्नावशेषहरू अवलोकन गरी विश्व शान्ति स्तुप अशोक स्तम्भ, जैन मन्दिर अवलोकन गरी खानाको प्रबन्ध विहार मै गरी खानपिन सकाई दिनको १:३० बजेतिर नालन्दाको लागि प्रस्थान गरेका थियौं । नालन्दामा ५:४५ बजेतिर त्यहाँस्थित बर्मी बिहारमा बस्यौं । सांझ विहार प्रमुख बर्मी भन्तेबाट अष्ट महास्थानको बारेमा केही उपदेश पनि सुनियो ।

१० पौष यात्राको चौथो दिन हामी बिहानको सामूहिक ध्यान पश्चात प्राचीन नालन्दा विश्वविद्यालयको ध्वंशावशेष चिनिया यात्री हुयन साङ्गको स्मृती संग्रहालय आदि अवलोकन गरी राजगृह पुगी त्यहाँ नयाँ निर्मित

बेलुवन विहार, विश्व शान्ति स्तुप, गृहकुट पर्वतमा पनि पुग्यौँ एक दिन त्यहाँ स्थित भिक्षुहरूसँगै सामूहिक ध्यान पनि गर्न पायौँ । त्यहाँबाट साँझको ४:३० बजेतिर हामी बोधगया प्रस्थान गऱ्यौँ र रातको ८ बजेतिर त्यहाँको बर्मी विहारमा बासको निमित पुग्यौँ ।

११ पौष यात्राको पाचौ दिन विहान सवेरै बर्मी विहारबाट बोधगया चैत्यको दर्शनार्थ पुग्यौँ । बोधगया चैत्यको बोधिवृक्ष मुनि एक घण्टा समूहिक ध्यान पनि गऱ्यौँ । तत्पश्चात त्यहाँको अशोक स्तम्भको शेष भाग मचलिन्द नाग आकृति रहेको जलाशय अवलोकन गरिसकेपछि हामी नैरञ्जना नदि पारी रहेको सुजाताको क्षेत्र अवलोनार्थ पुग्यौँ । त्यहाँबाट निवासस्थान फर्की सांझ बर्मी भन्तेबाट उपदेश पश्चात् सामूहिक ध्यान पनि गऱ्यौँ ।

१२ पौष यात्राको छैठौँ दिन विहान सवेरै उठी बोधिसत्व सिद्धार्थ गौतमले दुष्कर चटर्या गरेको स्थाल अवलोकनार्थ प्रस्थान गऱ्यौँ । सोहि स्थानको नजिक १०० फीट लम्बाईको बुद्धको सिहराध्या मुर्ति दर्शन गर्न पायौँ । यस्तै बोधगयामा रहेको ८० फीटको बुद्ध मूर्ति पनि दर्शन गरे । बोधगयाको आसपासमा रहेको कयौं दर्शनीय स्थलहरू अवलोकन गरी विहारमा फर्की खानाको प्रबन्ध गर्ने तर्फ लाग्यौँ । खाना सकाई सबै यात्रुहरू बसमा चढी दिनको ११ बजे सारनाथको लागि प्रस्थान गऱ्यौँ र त्यहाँस्थित बर्मी विहारमा बास बस्यौँ ।

१३ पौष यात्राको सातौं दिन बिहान बुद्ध पूजा सामूहिक ध्यान पश्चात् सारनाथको विभिन्न पुरातात्त्वि अवशेष र विहारहरू पुग्यौँ । सर्वप्रथम मूल ग्रन्थ कूटी विहार पुग्यौँ । त्यस पश्चात पञ्चवर्गीय भिक्षुहरूलाई बुद्धले धर्मचक्र प्रवर्तन सुत्र देशना गरेको आकृतिस्थल धम्मेक स्तुप आदि अवलोकन गरि सके पछि हामी बाराणसी शहरतर्फ लाग्यौँ । वाराणसीमा डुङ्गमा चढी विभिन्न घाटहरूको अवलोकन गऱ्यौँ । सांझ तिर सासापको बर्मी बिहार मै फर्क्यौँ । बर्मी भन्तेबाट केही उपदेश सुनी एक घण्टा सामूहिक ध्यान पनि गरी खाना सकाई आ-आफ्नो शयनकक्षामा गयौँ ।

१४ पौष यात्राको आठौ दिन विहानको जलपान सकाई सकेस्साको निमित्त प्रास्थन गऱ्यौँ । सो दिन पूरा गाडी मै बिताई बेलुका ७ बजे त्यहाँ स्थित अशोकाराम विहारमा पुग्यौँ त्यहाँको प्रबन्धक हुनुभएका डा.अशोक प्रियवशीले हामीलाई सम्पूर्ण व्यवस्था गरिदिनु भयो ।

१५ पौष विहान सवेरै संकाटयको विभिन्न पुरात्त्वक स्थलहरू अवलोकन गऱ्यौँ । अशोक स्तम्भको हात्ती आकृति बाँकि रहेको माथिल्लो भाग, सारिपुत्रको चैत्य विहारको रुपमा रहेको भग्नावशेष, श्रीलंकाको विहार भियतनामी विहार, बर्मी विहार आदि अवलोकन पश्चात हामी अशोकराम विहार मै फर्की बिहानको खानाको प्रबन्ध गरी, खाना सकाई दिनको

समय आग्राको ताजमहल अवलोकन गर्न गयौ। साँझ संकाटय मै फर्क्यौं।

१६ पौष यात्राको दशौ दिन अशोकराम विहारमा एक घण्टाको सामूहिक ध्यान सम्पन्न गरी जलपान सकाई श्रावस्तीको निमित्त प्रस्थान गर्‍यौं। लखनउ शहर पनि गाडीबाट अवलोकन गर्दै जान पायौं। हामी सो दिन सांझको ७:४५ बजे मात्र श्रावस्ती पुग्न सक्यौं। त्यहाँको इण्डो-नेपाल मैत्री विहारमा बास बस्यौं।

१७ पौष यात्राको एघारौं दिन विहानको सामूहिक ध्यान सकाई श्रावस्तीको मूख्य दर्शनीय स्थाल जेतवन महाविहारको भग्नावरोषहरू हेर्न पुग्यौं। सो क्रममा आनन्द बोधिवृक्ष, अंगुलिमाल निवासस्थल, बुद्धको धर्मोपदेश स्थल, ऋद्धि प्रातहार्य प्रदर्शन गरेको स्थल आदि अवलोकन गरी विहारमा फर्क्यौं भोजनको प्रबन्ध गरी सबैको भोजन सकाई दिनको १ बजे तिर कुशीनगर तर्फ प्रस्थान गर्‍यौं र बेलुका ७ बजे त्यहाँस्थित महेन्द्र भन्तेको विहारमा बास बस्न पुग्यौं।

१८ पौष यात्राको बाह्रौं दिन नियमित अनुरुप सामूहिक ध्यान सकाई कुशीनगरको दर्शनीय स्थलहरू अवलोकन गर्न गयौं। सर्वप्रथम बुद्धको परिनिर्वाण मूर्ति र मन्दिर विशाल परिनिर्वाण स्तुप, बुद्धको दाहसंस्कार स्थलरामाभार माथाकुअर एवं अन्य केही विहारहरू अवलोकन गरी विहार मै फर्क्यौं र खानपिनको प्रबन्धतर्फ लागी खाना सकाई दिनको समय लुम्बिनीको लागि यात्रा आरम्भ गर्‍यौं। साँझ ५:३० बजेतिर भारत सीमा पार गरी सुनौली भैरहवा पुगे पश्चात ७ बजे तिर लुम्बिनीको श्रीलंकन गेष्ट हाउसमा बास बस्न आई पुग्यौं।

१९ पौष यात्राको तेहौ दिन विहान सवेरै उठी मायादेवि मनिदर परिक्रमाको साथै भित्र सिद्धार्थ जन्म मूर्ति विहार, कम्बोडियन विहार अवलोकन गरी श्रीलंकन गेष्ट हाउस मै फर्की खानपिनको प्रबन्ध गरी सकाई दिनमा कपिलबस्तु तर्फ लाग्यौं। कपिलबस्तुमा तिलौराकोटको भग्नावशेष कुदान, गोरिहवा निग्लीहवा, सगरहवामा पनि पुगी कपिलबस्तुको परिदर्शन समाप्त गरी लुम्बिनी मै फर्क्यौं।

२० पौष यात्राको अन्तिम दिनको रुपमा आजको दिन लुम्बिनीको आवासस्थलबाट ५ बजे नै उठी रमग्रामतर्फ आयौं। रामग्राम स्तुपको अवलोकन पश्चात् हामी काठमाडौंतर्फ लाग्यौं। दिनको १ बजे कुसितार पुगी भोजन पकाई सबैले हाँसी खुसी रमाई भोजन कार्य समाप्त गरी दिनको २:३० बजेतिर गाडीमा चढ्यौं। बेलुका काठमाण्डौ पुगी सबैलाई आ-आफनो निवासस्थल नजिक पुऱ्याई हामी भक्तपुर बासीहरू गाडीका साथ बेलुका ८ बजे भक्तपुर पुगी १४ दिनको अष्ट महास्थान तीर्थयात्रा सम्पन्न गर्‍यौं।

***भवतु सब मङ्गल***

# बौद्धवाद, साम्यवाद र पुँजीवाद

✍ राजन

साम्यवादका केही पक्षहरू र बुद्ध दर्शनका केही व्याख्याहरूबिच धेरै समानताहरू भएकाले साम्यवाद प्रत्यक्षरूपमा बुद्धका शिक्षाहरूमा आधारित छ भन्ने पनि गरिन्छ । साम्यवादमा मुख्यतया सामूहिक स्वामित्व र स्रोतहरूको नियन्त्रणको माध्यमबाट आर्थिक र राजनीतिक समानतामा केन्द्रित हुँदा समाजबाट दुःख अन्त्य हुन्छ भन्ने मान्यता रहेको छ भने बौद्ध धर्मले आध्यात्मिक ज्ञान र व्यक्तिगत विकास तथा वास्तविकताको बुझाइको माध्यमबाट दुःखको उन्मूलन हुन्छ भन्ने रहेको छ । दुवैले समानता र सामाजिक सद्भावको वकालत गर्छन् तर तिनीहरूको दृष्टिकोण र अन्तर्निहित सिद्धान्तमा भिन्नता पाइन्छ ।

व्यक्तिगत स्तरमा आनन्द र कल्याण प्राप्तिको लागि बौद्ध शिक्षाले सजगता, करुणा र बुद्धिजस्ता गुणहरू प्राप्तिको लागि व्यावहारिक विधिहरू सिकाउँछ । ध्यान र नैतिक जीवनजस्ता अभ्यासले व्यक्तिको पीडा कम गर्नुको साथै आफू र अरूसँग आपसी मेलमिलापमा बाँचन मद्दत गर्छ । अन्तरनिर्भरता, अहिंसा र सबै प्राणीहरूको अन्तरसम्बन्ध जस्ता अवधारणाले द्वन्द्व, असमानता र वातावरणीय ह्रासजस्ता सामाजिक समस्याहरूलाई सम्बोधन गर्न बहुमूल्य अन्तरदृष्टि प्रदान गर्दछ ।

बुद्ध दर्शनले मानिसलाई थप दयालु र न्यायपूर्ण समाजको लागि काम गर्न प्रेरित गर्दछ । सामाजिक स्तरमा यसको व्यावहारिक प्रयोग सांस्कृतिक, ऐतिहासिक र राजनीतिक सन्दर्भहरूमा निर्भर हुन्छ तर बुद्ध दर्शनले व्यक्तिगत रूपान्तरणको महत्वलाई जोड दिन्छ । सामाजिक परिवर्तन प्रायः व्यक्तिगत हित र नैतिक आचरणबाट सुरु हुन्छ । तसर्थ बुद्ध धर्मले सामाजिक सुधारका लागि बहुमूल्य सिद्धान्त प्रदान गरे पनि व्यवहारमा यसको प्रभावकारिता कसरी यी सिद्धान्तलाई व्यापक सामाजिक, राजनीतिक र आर्थिक संरचनाहरूमा लागु र एकीकृत गरिन्छ भन्ने कुरामा नै निर्भर हुन्छ ।

केही सन्दर्भमा, साम्यवाद र बौद्ध दर्शनका केही व्याख्याहरू समानता तथा सबै व्यक्तिहरूको कल्याणमा केन्द्रित छन् । दुवैले व्यक्तिगत लाभको सट्टा समुदायको महत्त्व र भलाइको लागि काम गर्ने विचारलाई जोड दिन्छन् । दुवैले सामाजिक न्याय र पीडाको

उन्मूलनको वकालत गर्छन् । यद्यपि, यी लक्ष्य प्राप्तिको लागि लिइने माध्यम भिन्न भिन्न छन् । बौद्ध दर्शनले व्यक्तिगत नैतिक रूपान्तरण र अहिंसात्मक सामाजिक परिवर्तनलाई प्राथमिकता दिन्छ जबकि समाजवादमा विशेषगरी यसको क्रान्तिकारी रूपमा, वर्गसङ्घर्ष र हिंसालाई परिवर्तनको लक्ष्य प्राप्तीको निम्ति आवश्यक माध्यमको रूपमा लिइन्छ ।

साम्यवाद मुख्यतया आर्थिक र राजनीतिक संरचनाहरूसँग सम्बन्धित छ । साम्यवादले स्रोतहरूको सामूहिक स्वामित्व र निजी सम्पत्तिको उन्मूलनमार्फत वर्गविहीन समाज निर्माण गर्ने लक्ष्य राख्छ भने बुद्ध धर्म एक आध्यात्मिक दर्शन हो जसले व्यक्तिगत ज्ञानमा ध्यान केन्द्रित गर्दछ र पीडालाई जित्नको लागि वास्तविकताको प्रकृतिलाई बुझ्दछ । बौद्ध धर्मले व्यक्तिगत सुधार र बौद्धिक अन्तरदृष्टि दुवैको लागि व्यावहारिक मार्गदर्शन प्रदान गर्ने हुँदा यसले सामाजिक कल्याणमा योगदान दिन्छ । यसरी फरक विधि र सिद्धान्तमार्फत दुवैले एक समानुपातिक समाज स्थापना गर्ने प्रयास गर्छन् । तसर्थ, समानता र सामाजिक सद्भावका लक्ष्यहरू एकआपसमा खप्टिएका छन् ।

साम्यवाद र बौद्ध धर्ममा यति धेरै समानता भइकन पनि विरोधाभाषपूर्ण कुरा भनेको साम्यवादीहरू आफै भने धर्मको विरोध गर्छन् । यही भएर साम्यवादका पक्षधरहरू बुद्ध विचारलाई धर्मभन्दा पनि दर्शनको रूपमा लिन मनपराउँछन् किनकि बौद्ध दर्शनले अन्धविश्वासको सट्टा व्यक्तिगत अनुभव र अन्तरदृष्टिमार्फत प्रश्न गर्न र बुझ्न प्रोत्साहित गर्दछ । यसले बुद्धिमानी र दयालु जीवन जिउनको लागि व्यावहारिक, नैतिक र दार्शनिक शिक्षाहरू प्रदान गर्दछ । बुद्ध दर्शन पौराणिक कथाहरूमा भर नपर्ने आध्यात्मिक मार्ग प्रदान गर्दछ । यसले अन्धविश्वासको बारेमा तर्कसङ्गत सोधपुछलाई जोड दिन्छ ।

यद्यपि, आध्यात्मिक अभ्यासहरू, नैतिक दिशानिर्देशहरू र आत्मज्ञानजस्ता आध्यात्मिक लक्ष्यहरू प्राप्त गर्ने उद्देश्यका सामुदायिक संरचनाहरूको माध्यम भएकोले बुद्ध विचारलाई अझै धर्मकै रूपमा मान्ने धेरै छन् । धार्मिक परम्पराहरू, अनुष्ठानहरू, बुद्धप्रति श्रद्धा र सङ्गठित संस्थाहरूजस्तो सबै विशेषताहरू भएकोले यसलाई धर्मको रूपमा लिइन्छ । त्यसैगरी धर्मजस्तै आध्यात्मिक अभ्यास र विश्वासमा निर्भर रहने भएर बौद्ध शिक्षालाई धर्म र दर्शन दुवैको रूपमा स्वीकार्नेहरू धेरै छन् । तर धर्म तीन मुख्य तत्वहरूमा केन्द्रित हुन्छ; विश्वास, मिथक र सिद्धान्त । त्यस्ता मिथकहरूको शक्ति तिनीहरूको तर्कसङ्गत निर्माणमा भर पर्दैन तर तिनीहरूले उत्पन्न गर्ने भावनात्मक प्रभावमा निर्भर हुन्छ । जहाँ जनसमूह छन् त्यहाँ मिथकहरू हुन्छन्, मिथकहरू धर्मशास्त्रका सञ्चालक पनि हुन् । मिथक विश्वासको प्राथमिक वस्तु हो जबकि

दर्शन तर्कसङ्गत हुन्छ, विश्वासको औचित्य हुन्छ। त्यसैले यी सबै कुराबाट मुक्त भएको बुद्ध शिक्षालाई धर्मको रूपमा लिइनु भन्दा दर्शनको रूपमा लिइँदा नै उपयुक्त देखिन्छ।

साम्यवाद र बुद्ध दर्शनबिच सकारात्मक सम्बन्ध भएझैं बुद्ध दर्शन र पुँजीवादबिच पनि सम्बन्ध छ। एकातिर बुद्धवाद र साम्यवादबिच अन्योन्यास्रित सम्बन्ध छ भने अर्कोतिर बुद्धवाद र पुँजीवादबिच विपरीत सम्बन्ध छ। बौद्ध धर्म भित्री शान्ति, करुणा र सबै प्राणीहरूको लागि पीडा कम गर्नमा केन्द्रित छ। यसले भौतिक सम्पत्तिहरूप्रति गैरसंलग्नता र नैतिक आचरणको महत्त्वलाई जोड दिन्छ। बौद्ध धर्मको लक्ष्य व्यक्तिगत ज्ञान र ध्यानजस्ता अभ्यासमार्फत पीडाको उन्मूलन गर्नु हो भने यसको विपरीत निजी स्वामित्व, प्रतिस्पर्धा र नाफा कमाउनेलाई प्राथमिकता दिने आर्थिक प्रणाली नै पुँजीवाद हो। पुँजीवादले व्यक्तिवादलाई जोड दिन्छ। स्वार्थले आर्थिक वृद्धि र समृद्धिलाई अगाडि बढाउँछ भन्ने विश्वास पुँजीवादको रहेको छ। यस अर्थमा धन सञ्चय पुँजीवादको लक्ष्य हो भने बुद्ध दर्शनले सबैको कल्याणलाई जोड दिन्छ। पुँजीवादले आर्थिक वृद्धि र व्यक्तिगत सफलतालाई जोड दिन्छ। यी दुई प्रणालीहरूबिच यही कुरामा द्वन्द्व हुन्छ। विशेषगरी जब पुँजीवादले असमानता वा शोषणको नेतृत्व गर्दछ भने बुद्ध दर्शनले करुणा र नैतिक आचरणलाई जोड दिन्छ।

सङ्क्षेपमा बौद्धवाद, समाजवाद र पुँजीवादलाई मानव कल्याण र सामाजिक सङ्गठनबारे तिनीहरूको छुट्टाछुट्टै तर अन्तरक्रियात्मक दृष्टिकोणबाट एकअर्कासँग जोड्न सकिन्छ। साम्यवादले सामाजिक समानता र सामूहिक कल्याणको वकालत गर्दै दुःख निम्त्याउने असमानताहरूलाई कम गर्न खोज्दै यी मूल्यहरूसँग सामञ्जस्यता कायम गर्छ। व्यक्तिगत पहल र बजारमुखी वृद्धिमा केन्द्रित पुँजीवादले नैतिक अभ्यास र सामाजिक उत्तरदायित्वलाई समाहित गरेको खण्डमा यसलाई बौद्धवादको दृष्टिकोणबाट पनि हेर्न सकिन्छ।

◆

## कुशल धर्म

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु।
२) अर्काको शुभ र लाभमा हानी नगर्नु।
३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु।
४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु।
५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झुटो प्रशंसामा नलाग्नु।
६) अरुको सेवा (परोपकार) गर्नु।
७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु।
८) सारयुक्त कुराहरूमा मात्र चिन्तन-मनन गर्नु।
९) सत्य, यथार्थको खोजमा लाग्नु।
१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो।

*साभार : बुद्ध र उहाँको धर्म*

# बुद्ध पूर्णिमा सन्दर्भ : हेतुवादी महाश्रमण हुनुहुन्छ बुद्ध

✍ राजु शाक्य

काठमाडौं। ईसापूर्व ५६३ वर्षअघि बिहीबारैका दिन नेपालको लुम्बिनी उपवनमा बुद्धको जन्म भएको हो। बुद्धलाई विश्वभरका मानिसहरू शान्ति र अहिंसाका नायकका रूपमा स्मरण गर्दछन्। वैरले वैरभाव शान्त हुँदैन अवैरभावले मात्रै वैरभाव शान्त हुन्छ भनेर त्यो बेलाको समाजलाई बुद्धले जुन शाश्वत शान्ति सन्देश दिनुभयो त्यसलाई अर्ती र उपदेशमा मात्रै सीमित नराखी उहाँले जीवनपर्यन्त व्यवहारमा लागू गरेर देखाइदिनुभयो।

उहाँले २९ वर्षको युवावस्थामा दरबारको सुखसयललाई तिलाञ्जली दिनुभयो। श्रीमती र भर्खर जन्मेको छोरो त्यागिदिनुभयो। वर्षौंसम्मको कठोर साधनापछि अन्ततः उहाँमा ज्ञानचक्षु उदय भयो। त्यो आजकै दिन थियो। सबै नै नासिएर जाने यो संसार अनित्य रहेछ, नश्वर रहेछ, क्षणभङ्गुर रहेछ, आफ्नो वंशमा नभएको यो संसार दुःखदायी रहेछ। त्यसकारण, आत्मा नामको स्थिर तथा शाश्वत कुनै चीज पनि हुँदो रहेनछ। उहाँलाई यही अनित्य, दुःख र अनात्म ज्ञानको बोध भयो। सङ्क्षिप्तमा भन्नुपर्दा यही नै बुद्धले साक्षात्कार गरेको सत्य हो।

तत्कालीन रुढिग्रस्त समाजलाई उहाँले यही ज्ञान बाँड्दै हिँड्नुभयो। सामाजिक विसङ्गतिविरुद्ध बिगुल फुक्दै बहुजन हित र बहुजन सुखका लागि आफ्नो सम्पूर्ण जीवन समर्पण गर्नुभयो। कसैको शरणमा नगएर आफ्नो दीप आफैँ बन्नू भन्नुहुने बुद्धले असङ्ख्य मानिसलाई जीवन मुक्तिको मार्ग देखाउँदै हिँड्नुभयो। अन्ततः बिहीबारैका दिन अनित्य स्वभावको आफ्नो नश्वर देहलाई त्यागेर उहाँ परिनिर्वाण हुनुभयो। गौतम बुद्धको जन्म, बोधिज्ञान लाभ र परिनिर्वाणका त्रि-संयोग घटित वैशाख पूर्णिमाको दिनलाई यसकारण समस्त बौद्धजन पवित्रतम् मान्दछन्।

लुम्बिनीले विश्व शान्तिको मुहानको रूपमा आफ्नो पहिचान स्थापित गरेको छ। सम्राट अशोकले आफ्नो राज्याभिषेकको बीसौं वर्षमा यस क्षेत्रको भ्रमण गर्नुभयो र त्यसको संस्मरणका लागि बुद्ध जन्मेको यस गाउँलाई करमुक्त गरिदिएँ भनेर शीलास्तम्भ गाड्नुभयो। यही शीलास्तम्भका कारण रुम्मिनदेइ वा लुम्बिनीको पहिचान सम्भव भयो। विश्वभरका बौद्ध अनुयायीहरूका लागि सदियौँसम्म पृथ्वीको गर्भमा दबिएर बसेको यस पवित्र भूमिमा श्रद्धा र आस्था पोख्ने अवसर मिल्यो। कपिलवस्तु जिल्लाको निग्लीहवा र गोटिहवामा पनि अशोक स्तम्भहरू

ठडचाइएका छन् । यी ठाउँहरू क्रमशः कोणागमन र ककुछन्द बुद्धका जन्मस्थलहरू भएको विश्वास गरिन्छ । बौद्धजन समयक्रममा यस धर्तीमा बुद्धहरू उत्पन्न भइरहन्छन् भन्ने मान्यता राख्दछन् । पछिल्ला सात बुद्ध (सप्त तथागत) मध्ये तीन बुद्धको जन्म नेपालकै सरहदभित्र भएका प्रमाण यी स्तम्भहरूले दिइरहेका छन् । त्यसकारण, शाक्यमुनि बुद्धले २६०० वर्षअघि जुन धर्मको चक्र घुमाउनुभयो त्यो नौलो प्रतिपादन नभएर समूल विलुप्त भइसकेकै सनातन धर्मकै प्रवर्तन थियो । धर्मचक्र प्रवर्तन भनेर भनिएको कारण यही हो । एसियाकै ज्योति भनेर उपमा दिइए पनि उहाँ विश्वकै ज्योतिको रूपमा स्थापित हुनुहुन्छ । उहाँ कोही कसैद्वारा खटाइएका दूत वा अग्रदूत हैनन्, सृष्टिकर्ता वा ईश्वर पनि हैनन् । अनिश्वरवादी र अनात्मवादी बुद्धद्वारा देशित जुन धर्मस्कन्ध छन्, ती अन्य कुनै पनि धर्मका हाँगा वा शाखा हैनन् ।

बुद्धले ४५ वर्षसम्म गाउँगाउँ जनपद घुम्दै दुई कुरा सिकाउँदै हिँड्नुभयो- दुःख र दुःखबाट मुक्ति । राजदरबारको सुखसयलमा हुर्के बढेका सिद्धार्थ राजकुमारलाई दुःख कष्ट भोग्न परोइन । घुम्न निस्किँदा उहाँले चाउरिएको कुप्रो वृद्ध, रोगी र मरेको मान्छे देख्नुभयो, सम्पूर्ण प्राणीलाई जीर्णता, शारीरिक ब्याधी र मृत्युले छोड्दो रहेनछ भन्ने संवेग उहाँमा ती क्षणहरूमा उत्पन्न भयो । त्यसको ठीक उल्टो संवेग उत्पन्न भयो जब उहाँले एक उन्मुक्त यायावरलाई देख्नुभयो । यिनै संवेगले उहाँलाई राजगद्दी त्यागेर ज्ञानको खोजीमा एक्लै हिँड्न प्रेरित गऱ्यो ।

गुरुहरूको दैलो चहार्दै त्यसबेलाका परम्परा र वादहरू सिक्दै पछ्याउँदै जानुभयो, उहाँलाई त्यसबाट सन्तुष्टि मिलेन, ती पूर्ण महसुस भएनन् । एक्लै अघि बढ्ने प्रयासमा उहाँ आहार त्यागेर कठोर तपस्यामा लीन हुनुभयो । शरीर दुर्बल र क्षीण भयो तर, ज्ञानोदय भएन । फेरि भोजन ग्रहण गर्न थाल्नुभयो । उहाँको बदलिएको व्यवहार देखेर उहाँलाई विश्वास गरेर पछ्याइरहेका अनुयायीहरू 'सिद्धार्थ पथभ्रष्ट भए' भनेर एकातिर लागे तर, उहाँ आफ्नो मार्गबाट विचलित हुनुभएन । एक रात उहाँले पृथ्वीलाई साक्षी राखेर बोधिवृक्षमुनि पलेटी कसेर अधिष्ठान लिनुभयो र संसारको स्वभाव धर्मलाई निरन्तर नियाल्दै बस्नुभयो । अन्ततः उहाँलाई बोधिज्ञान लाभ भयो, त्यो बिहीबारैको दिन थियो । बोधिज्ञान लाभ भएपछिको उहाँको पहिलो उद्‌गार यस्तो थियो, 'यस भव संसारमा बारम्बार जन्म लिएँ । पञ्चस्कन्धरूपी यो घर (शरीर) बनाउने तृष्णा भेट्टाउन नसकेर यो संसारको चक्कर काटिरहेँ । अब मैले त्यसलाई भेट्टाइसकेँ । त्यस्तो घर बनाउने सबै ज्यावल भाँचिदिइसकेँ, छानो भत्काइदिएँ । हे गृहकारक ! अब फेरि घर बनाउन सक्ने छैनौँ । तृष्णा समूल नष्ट भइसक्यो । म मुक्त भइसकेँ ।'

उहाँले त्यसपछिका सात हप्ता यिनै ज्ञानको चिन्तन मननमा प्रीति अनुभव गर्दै व्यतीत गर्नुभयो । यो गम्भीर धर्म जनसाधारणलाई बुझ्न अत्यन्त कठिन हुने कुरा थाहा पाउनुभयो र

कसैलाई नबताउनु नै श्रेयष्कर हुने निष्कर्षमा पुग्नुभयो। तर, कोही देवताले आएर उहाँसँग अनुनय गरे कि यस संसारमा त्यस धर्मलाई सूक्ष्मातिसूक्ष्म ढङ्गले अवबोध गर्न सक्ने तीक्ष्ण बुद्धि भएका मानवहरू पनि विद्यमान छन्, उनीहरूकै खातिर भए पनि यो धर्मलाई प्रकाश पारिदिनुपर्छ। त्यस आग्रहप्रति उहाँ सहमत हुनुभयो र सर्वप्रथम आफ्ना तिनै पुराना पाँच अनुयायीहरूलाई बताउने निधो गरेर सारनाथ प्रस्थान गर्नुभयो। त्यहाँ उहाँले धर्मचक्र प्रवर्तन सूत्र र त्रिलक्षण सूत्र देशना गर्नुभयो। ती अनुयायीहरूले त्यस गम्भीर धर्मोपदेशलाई एक एक गर्दै क्रमशः बुझ्न थाल्नुभयो र उहाँहरूमा ज्ञानचक्षु उदय भयो।

यी सूत्रहरूको देशनाअघि उहाँले आफ्ना अनुयायीहरूलाई दुई अतिवादलाई त्याग्न उपदेश दिनुभयो। पञ्चकाममा लिप्त भएर जीवन व्यतीत नगर्न र दुःखबाट मुक्ति पाइन्छ भनेर शरीरलाई कष्ट हुने नानाथरीका व्रत उपासनाहरूमा नलाग्न दिनुभएको उपदेश नै मानव जातिलाई उहाँले दिनुभएको पहिलो सन्देश थियो। दुई अतिवादलाई त्याग्नुपर्ने यो नै उहाँको मध्यम मार्ग थियो। नखाएरै तपस्यामा लीन हुँदा त ज्ञान पाउन सक्नुभएन भने हृष्टपुष्ट शरीर बनाएर कहाँ ज्ञान पाउन सकिन्छ र ? भनेर तिनै पाँच अनुयायीले अविश्वास गरी पटकपटक शङ्का उठाएपछि बुद्धले यो उपदेश दिनुभएको थियो।

तत्पश्चात् संसारका प्राणीहरूमाथि अनुकम्पा राखी बहुजन हित र सुखका लागि यी उपदेश बाँड्दै हिँड्न बुद्धले आफ्ना ती पाँच शिष्यलाई आज्ञा गर्नुभयो। त्यही आज्ञा शिरोपर गर्दै पञ्चवर्गीय भिक्षुगण गाउँगाउँ चारिका गर्न थाल्नुभयो। त्यसमध्येका एक भिक्षु अस्सजित बिहान भिक्षाटनका लागि बाटामा जाँदै हुनुहुन्थ्यो। उहाँको संयमपूर्ण हिँडाइ र चञ्चलतारहित आँखा देखेर एक जिज्ञासु बटुवाले आफूलाई थाम्न सकेनन् र ती भिक्षुको सामुन्ने पुगेर प्रश्न राख्नुभयो - तपाईंका गुरु को हुनुहुन्छ ?

प्रत्युत्तरमा ती भिक्षुले भन्नुभयो, "हेतुबाट उत्पन्न हुने जति पनि धर्म (विषय) हरू छन् ती सबैका कारण र त्यसको निरोध पनि उहाँ बताउनुहुन्छ। यस्ता हेतुवादी महाश्रमण मेरा गुरु हुनुहुन्छ।" वर्षौंदेखि सद्धर्मको खोजीमा भौतारिरहेका त्यस व्यक्तिमा यस जवाफबाट थप उत्सुकता जाग्यो र कुनै विलम्ब नगरी आफ्ना मिल्ने साथीलाई लिएर बुद्धका सामु पुग्नुभयो। उहाँहरू बुद्धशासनमा दीक्षित हुनुभयो। पछि यी दुवै ब्राह्मण सारिपुत्र र मौगल्यायनको नामले प्रख्यात हुनुभयो।

बुद्धले आफ्ना सम्पूर्ण उपदेशलाई दुई कुरामा केन्द्रित गर्नुभएको छ- दुःख र दुःखबाट मुक्ति। सारा सत्व प्राणीहरू सांसारिक दुःखको भुमरीमा फसेर बसेका छन्, भवको चक्कर काटिरहेका छन्। क्लेश र उपक्लेशको आवरणबाट ढाकिएर उनीहरू दिग्भ्रमित भइबसेका छन्, सत्य देख्न सकेका छैनन्। क्षणिक सुखमा भुलेर दुःखदायी अनित्य संसारको स्वभाव जान्न र बुझ्न नसकेर पद, पैसा,

प्रतिष्ठा र आरामदायी जिन्दगीको मृगतृष्णामै रुमलिरहेका छन् । किनारा भेट्टाउन नसकी समुद्रमा गोता लगाइरहेका छन् । अज्ञानता वा अविद्याका कारण बुँख्याचालाई साँच्चैको मानव ठानेर बसेका छन् । उनीहरू जानी नजानी काय, वाक् र चित्तले अपराध कर्महरू (त्रिविध संस्कार) गरिरहेका छन् जुन कर्मसंस्कारहरू भावी जन्म वा भवका लागि हेतु हुन् । नासपतिको बीउ रोपेर नासपति नै फल्ने हो, स्याउ फल्ने होइन । यही हेतुलाई जरैबाट निमोठ्ने कार्यकारणमा आधारित १२ अङ्गयुक्त 'प्रतीत्य समुत्पादको सिद्धान्त' लाई बुद्धले अघि सार्नुभएको हो ।

जन्म मरणको चक्र वा भवमा घुमिरहनु पर्नाका कारण अविद्या हो । अविद्याले मूढ भएको व्यक्ति सही/गलत वा कुशल/अकुशल कर्म छुट्याउन असमर्थ हुन्छ । चतुरार्य सत्यको ज्ञान नहुनु, संसारको यथार्थ स्वभावलाई नबुझेर तृष्णामा लिप्त भई बस्नु अविद्या हो । अविद्याका कारण संस्कार उत्पन्न हुन्छ, मानिस आफ्नै कर्मका कारण कुशल वा अकुशल संस्कार सङ्ग्रह गर्न पुग्छन् । संस्कारबाट विज्ञान उत्पन्न हुन्छ । प्रिय/अप्रिय भेद गरी खासखास चित्तवृत्तिको विकास गर्छ, चित्तलाई रञ्जित पार्छ । विज्ञानबाट नामरूप, नामरूपबाट षडायतन, षडायतनबाट स्पर्श, स्पर्शबाट वेदना, वेदनाबाट तृष्णा, तृष्णाबाट उपादान, उपादानबाट भव, भवबाट जाति र जातिका कारण जरामरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायासादि उत्पन्न हुन्छन् ।

यस पञ्चस्कन्धरूपी शरीरलाई हरेक मानवले साँच्चैको 'म' र 'मेरो' भनेर बलियोसँग पक्डेर बसेको छ । यो मिथ्यादृष्टि हो । म भन्ने कुनै प्राणी छैन, आत्मा छैन, सृष्टिकर्ता वा ईश्वर छैन । जे छ क्षणक्षणमा परिवर्तन भइरहने अनित्य स्वभाव धर्म मात्र छ । आफ्नो नियन्त्रणमा नरहेको व्याधादि पीडालाई रोक्न नसक्ने यो परिवर्तनशील शरीरले कर्म, चित्त, ऋतु र आहारको आश्रय पाइरहेको हुन्छ । मानिसलाई जीवित बनाइराख्ने हेतु यिनै हुन् । कुनै पनि वस्तुको स्वतन्त्र अस्तित्व छैन, सबै नै परतन्त्र स्वभावका हुन् । 'अस्मिन् सति इदं भवति' अर्थात् यो भएमा त्यो हुन्छ । हेतुप्रत्ययका कारण निरन्तर बदलिरहने जुन स्वभाव धर्म छ त्यो अनित्यता हो, त्यो नै शून्यता हो । रित्तो, खाली जनाउने त्यो शून्यता हैन । यसरी बौद्धहरू प्रतीत्य समुत्पादको अर्को पाटा शून्यता हो भनेर बुझ्ने गर्छन् ।

जबसम्म पञ्चस्कन्धरूपी शरीर रहन्छ, दुःख हट्दैन । बुद्धले दुःख निरोधको मार्ग आर्य अष्टांगिक मार्ग हो भनेर बताउनुभएको छ । ती हुन्- सम्यक दृष्टि, सम्यक सङ्कल्प, सम्यक वाचा, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि । यसलाई अर्को शब्दमा मध्यम मार्ग पनि भनिन्छ । बिहीबार बुद्धद्वारा प्रतिपादित यिनै मध्यम मार्गको चिन्तन मनन गरी संसारको दलदलबाट मुक्त हुन प्रण गर्ने दिन हो ।

***(लेखक राससका नायब महाप्रबन्धक हुनुहुन्छ)***

# 'बौद्ध जगत्‌का स्मरणीय व्यक्तिहरू'को आठौँ भाग पढ्दा

✍ विष्णुगोपाल कुसी

बौद्ध लेखक एवं जीवनीकारको रुपमा परिचित रत्नसुन्दर शाक्यले अर्को नयाँ कृति 'बौद्ध जगत्‌का स्मरणीय व्यक्तित्वहरू' आठौँ भाग प्रकाशित गरेर बौद्ध विद्वानहरूको जानकारी दिएर बौद्ध जगतमा थप ऊर्जा प्रदान गरेका छन् । देश विदेशका बौद्ध व्यक्तित्वहरूको जीवनीमा लेखक, दार्शनिक र पालि साहित्यका विद्वानहरू रहेका छन् । राष्ट्रलाई सकारात्मक दिशाबोध हुने गरी समुदायमा अविस्मरणीय योगदान पुऱ्याएका उदाहरणीय व्यक्तित्वहरूको जीवन चरित्रको अध्ययनले नयाँ पुस्तालाई थप जागरूक बनाउने छ । २०४९ सालमा बौद्ध जगत्‌का स्मरणीय व्यक्तित्वहरूको पहिलो भाग लेख्ने लेखक शाक्यले यो आठौँ भागमा १६ जना बौद्ध जगत्‌का व्यक्तित्वहरूको चर्चा गरेका छन् । शान्तिका प्रतीक बुद्धको शिक्षाबाट प्रेरित भएर अन्तर्राष्ट्रिय समुदायमा बौद्ध विद्वानहरूले शिक्षालाई महत्त्व दिएको देखिन्छ । यसरी बौद्ध जगत्‌का देश विदेशका स्मरणीय व्यक्तित्वहरूलाई चिनाउने काममा लेखक शाक्यको योगदान कम महत्त्वको छैन । नेपाल, भारतलगायत एसिया, युरोप र अमेरिकासम्म बुद्ध धर्मको प्रचारप्रसार गरेर बौद्ध दर्शनको विकास र विस्तारमा आ-आफ्नो स्थानबाट प्रवचन गरेर, कृति प्रकाशन गरेर बौद्ध विद्वानहरूले जनताको घर आँगनमा पुऱ्याउने काम गरेको देखिन्छ ।

पुस्तकमा बुद्ध शासनको इतिहासमा नाउँ चलेका प्रधानाचार्य शाक्य श्री भद्र पनि एक थिए । भारतको मगधस्थित विक्रम शिला महाविहारमा कार्यरत शाक्यश्रीभद्रले सानो उमेरमै व्याकरण र यजुर्वेदको शिक्षा हासिल गरेका थिए । उनी १२ औँ शताब्दीको अन्तिम दशकमा भारतीय बौद्ध संस्कृतिको अभ्युदयमा विशिष्ट स्थान रहेका खो फु लोचवाले आचार्य शाक्य श्री भद्रसमेतलाई साथमा लिई आसाम बर्मा सीमाको बदरपुर हुँदै

ग्याँचीमा पुगेका थिए। तिब्बतमा पुगी कैयौं शिष्य तयार गर्ने र विहारको पुन: निर्माण गर्ने काममा उनले सघाएका थिए।

पाटनको ओकुबहालका निपुण कलाकार महान् शिल्पी पण्डित अभयराज शाक्यले महाबुद्ध चैत्य कीर्ति बनाए। उक्त चैत्य राज शिवसिंह मल्लको बाहुलीबाट समुद्घाटन गरिएको थियो। यो त्यसबेलाको सर्वोच्च र अद्भूत कलात्मक सम्पदा थियो। २०७२ सालको भूकम्पले क्षति पुऱ्याएको उक्त चैत्यको उनकै वंशजबाट मर्मतसम्भार गरिएको पुस्तकमा उल्लेख छ।

पालि साहित्यको प्रमुख श्रीलङ्कामा गभर्नर बनेकालाई चाल्मर्सले पालि भाषा रोमन लिपिमा अध्ययन गरेका थिए। पेरिसमा भएको प्राच्य विद्हरूको सम्मेलनमा सहभागी उनले तथागतको व्याख्या गरेका थिए।

श्रीलङ्कामा बुद्ध धर्म प्रचार प्रसारमा सहयोग पुऱ्याउने सरडोन बारोन जयतिलक पाली संस्कृत आदि शिक्षाका ज्ञाता हुन्। सरडोन सिंहलको व्यवस्थापिका सभाको सभासद् र पछि सभापतिमा नियुक्त भएका थिए। उनी विदेशमन्त्री पनि भए।


इङ्गल्यान्डका भिक्षु जे.एफ.एम केखनी निर्वाणसम्बन्धी लेख पढेर बुद्ध धर्मतर्फ लागेका थिए। उनी पालि साहित्यको अध्ययन गर्न बर्मा पुगे। दार्जिलिङ, सिक्किम र कालिम्पोङको यात्रा गरेका उनले सिक्किम राजाको अनुरोधमा गान्टोकको विभिन्न ठाउँमा बुद्धसम्बन्धी प्रवचन दिएका थिए।

डा. कार्ल साइडेनस्टुकर बुद्ध धर्मको व्यापक प्रचार प्रसार गर्ने जर्मनका नागरिक थिए। प्राकृतिक विज्ञान, औषध विज्ञान र विभिन्न भाषा विज्ञानसम्बन्धी अध्ययन गरेका उनले सन् १९०३ मै जर्मनमा पहिलो बौद्ध सङ्गठन स्थापना गरेका थिए। उनले 'म्भच द्यगममजष्कत' नामका बौद्ध मासिक पत्रिका निकालेका थिए। यो पच्छिममा प्रकाशित पहिलो बौद्ध पत्रिका हो। उनले हामवर्ग म्युजियम इथ्नोलोजी विभागमा काम गरेर पुरातात्त्विक सामग्री र दस्ताबेजसम्बन्धी अध्ययन गरेका थिए। उनी एक सच्चा बौद्ध उपासक थिए।

डा. विलियम फ्रेडरिक स्टेड जर्मनका पालि साहित्यका अर्का जानकार व्यक्ति हुन्। संस्कार पालि र भाषा विज्ञानका ज्ञाता स्टेड सन् १९१४ मा प्रथम विश्व युद्ध सुरु हुनासाथ जर्मन छोडी इङ्गल्यान्ड गएका थिए। उनले पालि साहित्यसम्बन्धी असङ्ख्य लेख रचना एवं समालोचनात्मक

निबन्ध लेखेका थिए । दयालु स्वभावका उनी निष्कपट, बहुभाषिक र बौद्ध धर्म दर्शनका विद्वान थिए ।

रत्नबहादुर वज्राचार्य पाटनका बौद्धिक व्यक्तित्व हुन् । तिब्बतमा एक दशक बसी धर्म व्याख्यान गर्ने उनले कुटीमा नेपालको मौलिक महायानी बौद्ध ग्रन्थ आर्यगुणकारण्ड व्युह सूत्रको व्याख्या गरेका थिए । बौद्ध जातिलाई उत्थान गर्ने ध्येयले 'धर्मोदय' पाठशाला खोली उनी प्रधानाध्यापक भएका थिए । उनी वीर पुस्तकमा नेपालभाषा र तिब्बती भाषाको प्रबन्धक भएका थिए ।



इटालीका भिक्षु ऊ. लोकनाथ जीव विज्ञान र औषध विज्ञानको अनुसन्धानमा लागेका व्यक्ति हुन् । बम्बईको 'राजगृह' पुस्तकालय भवनको अवलोकन गरेपछि उनले भारतलाई समुन्नत बनाउन बुद्ध धर्म अत्युत्तम भएको, जातिभेदकै कारण भारत गुलाम भएको जस्ता पत्र पुस्तकालय खोल्ने भीमराव अम्बेकडरलाई पठाएका थिए ।

चीनको हुनान प्रान्तस्थित चालिङ नगरमा जन्मेका अर्का बौद्ध विद्वान हुन् प्रो. तान युन शान । चीनका नेता माओ त्सेतुङको राजनीतिक गतिविधिमा सरिक भएका उनी पछि देश छोडी मलेसिया र सिङ्गापुर पुगेका थिए । कविवर रवीन्द्रनाथ टैगोरबाट बुद्धदेवको प्रशंसा गरेबाट बुद्धप्रति थप निष्ठावान भएका उनले विश्व भारतीमा चिनियाँ भाषाको पाठ्यक्रमसमेत तयार गरेका थिए । उनी राहुल सांकृत्यायनलाई ग्रन्थ लेखनमा सहयोग गर्ने एक व्यक्ति हुन् ।

बर्माका भिक्षु ऊ. कित्तिमा सम्पूर्ण जीवन बुद्ध धर्मकै प्रचारमा जीवन बिताउने बौद्ध विद्वान हुन् । संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषाका ज्ञाता उनी बौद्ध गृहस्थहरूलाई मैत्री र करुणाको उपदेश दिने उनी छुवाछूतका विरोधी थिए । उनले बर्मी भाषाका धेरै ग्रन्थहरू लेखेका थिए ।

इङ्गलैन्डको लविशाम सहरमा जन्मेका डा. इडवार्ड कोन्जे मार्क्सवादी जगतका सुविख्यात व्यक्ति थिए । उनको परिवार वैज्ञानिक समाजवादका प्रवर्तक कार्लमाक्सका मित्र फ्रेडरिक एङ्गेल्ससित सम्बन्धित थिए । बोन र हेमवर्ग

विश्वविद्यालयबाट पाश्चात्य एवं भारतीय दर्शनको तुलनात्मक अध्ययन गरेका उनले पीएचडी गरेका थिए । जर्मनमा कम्युनिस्ट पार्टीको स्थापना र सञ्चालनमा योगदान गरेका उनी मार्क्सवादीका सक्रिय कार्यकर्ता थिए । इङ्गलैन्डमा मजदुर दलमा सामेल भई उनले विभिन्न कृति लेखेपछि उनी राजनीतिबाट धर्मनीतितिर लागे । उनी बुद्ध धर्मको तीन यान थेरवाद, महायान र बज्रयानका विशेष ज्ञाता थिए ।

भिक्षु विमलानद महास्थविर लुम्बिनीका संरक्षणको साथै अन्य बुद्ध शासनिक गतिविधिमा निरन्तर लाग्ने अर्का बौद्ध विद्वान हुन् । नेपालमा सम्पन्न चतुर्थ विश्व बौद्ध सम्मेलनमा श्रीलङ्काबाट आएका भिक्षु पञ्ञासिंह महानायकले भिक्षु विमलानन्दलाई श्रीलङ्का आमन्त्रण गरेका थिए । श्रीलङ्कामा रहेर उनले श्रीलङ्काकै नागरिकता लिए । उनले तानसेनमा महाबोधि विहारको निर्माण गरे । उनको योगदानको कदरस्वरुप श्रीलङ्काको अमरपुर निकायबाट 'महानायक' पद र सरकारको तर्फबाट प्रवल गोर्खा दक्षिणबाहु बाट उनी सम्मानित भएका थिए ।

बुद्ध धर्मको व्यापक प्रचारप्रसारमा निरन्तर लागेका हर्षमुनि शाक्य लगनटोल निवासी हुन् । युवा बौद्ध समूह काठमाडौंका अध्यक्ष हर्षमुनिको आफ्नो अनुभव यात्रा संस्मरण, नेपाली जनजाति, देश देशावर (विदेश)मा रहेका शाक्यहरूको गतिविधि सम्मीलित बुद्ध धर्मको विकासमा शाक्यहरूको देन कृति प्रकाशित भएको थियो ।

पाटनका एक कर्मठ समाजसेवी बुद्धिजीवी वाद्यवादकका गुरु मोतीलाल शिल्पकार पाटनका निवासी हुन् । एक उद्योगी, व्यापारी र समाजसेवीको रुपमा परिचित शिल्पकारले नेपाल बौद्ध परियति शिक्षाको पाठ्यक्रमअनुरुप धेरै पुस्तक लेखे ।

पाटनको नागबहाल वाकुनजी निवासी अनगारिका उप्पलवण्णाले देश विदेशका बौद्ध व्यक्तित्वहरूको जीवनी लेखे । उनले युरोपका बौद्ध विद्वानहरूसँग भेटघाट गरी बौद्धिक ज्ञानलाई फराकिलो पार्ने काम गरे ।

समग्रमा लेखक रत्नसुन्दर शाक्यले बौद्ध जगत्का स्मरणीय व्यक्तित्वहरूलाई चिनाउने धेरै पुस्तक लेखेर बौद्ध जगत्मा बौद्ध ज्ञान छर्ने काम गरेर आफ्नो कर्तव्य निर्वाह गरे । लेखक शाक्यले बौद्ध जगत्का दर्जनौं बौद्ध व्यक्तित्वहरूका जीवन लेखिसकेका छन् । लेखक रत्नसुन्दर शाक्यप्रति साधुवार र प्रकाशक युवा बौद्ध पुच:का प्रकाशनको निरन्तरताको कामना छ ।

# पाँच पाण्डव मखु

✍ चन्द्रबहादुर उलक

गुँलाया ई। व पितिपिति वाय् च्वन मदीक। म्हिग बन्हिं निसें वयो च्वंगु व: दिगु हे मखु ! न्हयाथय् जुसां वाने मगु ज्या मवांसे मगा ! वा जक वयो थपाले तर्कारी तिर्कारी हे आप मरु। न्हापा न्हापा मल्ता गुलि सैगु, त्वालाय् मल्ता पाय्ता द:गु मखुत। थ:ता मल्ता मसा मर्स्या मल्ता न्याय्माल छुयाय्। न्हापा ख्वपया मल्ता भारतय् थ्यंक मिय यंकिगु जि ब्वा-बाज्या पिसं। अयां क, भारतं मल्ता हयो नय्माल। मल्ता जकला न्हयागुं भारतं हय्माल। भारतं तरकारी मवलकियां हाहाकार हे जुइगु। तरकारी-तिर्कारी जकला, जाकि, छुचुं थें ज्यगु अन्न नापां भारतं हय्माल। छखे मनूत विदेश पाखे वानेगु चलन जूगुलिं बुँई ज्या सानिपुँ मन्ता हँ। न्हापा न्हापा भीगु देय् कुषि प्रधान धाइगु, थौ कन्हे विदेश प्रधान जुलक। बुँ दक्वं छैं जुल। नुगलय् खाँ ल्हाक ल्हाकं वम्हा रामेश्वरी अता ख्व ख्व मख्व धाल। नुगलय् खाँ ल्हाक ल्हाकंतुं रामेश्वरी अता बुँइ पाखे स्वयो वान। कन्हे पञ्जरांचह्रे हँ। त्वालय् डाम्हा डाम्हा द्य: ब्वय् हैगु। युधिस्थिर, भिमसेन, अर्जुन, नकुल व सहदेव पाँच पाण्डव हैगु हँ। उकिं पुर्खा निसे डापा देमाय् पुजा तये मगु।

-'आय् रामेश्वरी ! गना वाने ताँगु ?' कुसां कुयो छैंपाखे स्वयो वम्हा हरिमाया तजुं आकाभाकां न्यन। रामेश्वरी भसंक वान।

-अँक, बुँइ लाजा व तुसि छग: नेग: ख वानेताँगु तजु !

-त:जु गना वाङ वयागु लय् ? रामेश्वरीं न्यन।

-बिरलय् बुँई छक स्व:वाँगु छुयाय्... । चछिया वालं बुँ हे च्वीक यंकलाक स्यंमाम्हा द्य:वं। अ छु नय्गु कऽऽ! द्यां लाइगु जुलक रामेश्वरी !

-अथेमनं जुइमखु तःजु । जु हे जुसां जिपुं दहे दःनि, छाय् धन्दा काय्गु हरिमाया तजु ! रामेश्वरी अतां घ्वासाःबिल ।
-छ्मिगु हे भरे जुलक छुयाय् । नुगः कय्च्याङ हरिमाया तजु छँ पाखे स्वयो वानसा रामेश्वरी बुई पाखे स्वयो वान ।

'लाजा धेखय् लाजा हे मदय्क कोखं नाय्तला क ! तुसि नं आप मस क ! छुयाय् द्यवं हे दुःख ब्यूगु । थपाले देय्सय् यक्व हे नोक्सान जुल । पर्व चलं वाङ यक्व मनूत सिये धुंकल ! मटरहे दुर्घटना जुयो यक्व मनू सिये धुंकल । लुमांसे वइबले नुगःहे हिइसे च्वं । मनू मभिंसा थापाचं नोक्सान जुइमखु । द्यःहे मभिङ वगुलिं सकाय् थय्मनं जूगु ।' नुगलय् खाँ ल्हाक ल्हाकं लाजा हिधे खात तुसि नं खात । तुसि व लाजा धे दालुइ तयो दालु बिकुं च्याङ रामेश्वरी छेँ लिहाँ वल । फसं कुसा बेखे बेखे स्व । कुसा दःसां रामेश्वरीया म्हा छम्हां प्या ।
-आय् रामेश्वरी भमचा । वा व बलय् गना वाङ वयागु ? न्हयाबलें मुनि विहारय् वानिम्हा चंचला तरिमामं न्यन ।
-कन्हे पाँच पाण्डबता छाय्ता लाजा व तुसि छगः नेगः खाङ हयागु क तरिमां ।
-'पाँच पाण्डव ! चञ्चला तरिमां अजुगति चाल ।
-पाँच पाण्डव मखु भमचा । अजाजु द्यः धाय्म्हा बुद्ध धर्मया गुरू क । वसपोल तिब्बतय् बुद्ध धर्म प्रचार याङ बिज्याम्हा खः । भारतया नालन्डा विश्वविद्यालयया गुरू वसपोल । वसपोलं तिब्बतय् बुद्ध धर्म प्रचार याङ ल्याहाँ बिज्याबलय् ख्वपय् सं च्वङ विज्याम्हा दिपंकर श्रीज्ञान खः । पाँच पाण्डव मखु भमचा ! समाजयाता धौं लाय्ता पाँच पाण्डव धःगुक । मस्याला ?
-मखु तरिमां । पाँच पाण्डब मखुसा डाम्हा द्यः छाय् दतालय् ? रामेश्वरी अतां न्यन -अथे मखु लाति । त्वालं त्वालं बहि दय्कल बहिलय् छम्हा अजाजु द्यःतय्माल उकिं मेम्हा नं दय्कगु क....। गथेकि भीता मालिबले भीगु तसबीर डापा खुपा दय्कय्थेयां खःनिss अथेतुं सुजमारी त्वालय् च्वंगु गुम्बाया भवां द्यः नं महाभारत बाखंया कुन्ति महारानी नं मखु खनाय् सीकि भम्चा ।
-यss ! थौ तिनि सिलाक तरिमां ! नेम्हाँ न्हय न्हयं थः थःगु लाँ लियो वान ।

# बौद्ध सम्बन्धी महत्त्वपूर्ण ज्ञान !

१. बौद्ध धमालम्बीहरूका अनुसार त्रेतायुत्रमा चीनबाट आएका मंञ्जुश्रीले आफ्नो खड्गद्वारा काटी स्वयम्भु र गुहयश्वरीको वीचको पानी वगाएर त्यहाँ बस्ती बसालेका थिए । त्यस बस्तीको नाम मञ्जुपतन थियो ।
२. २५०० वर्ष अगाडि गौतम बुद्धले सर्वप्रथम आफ्नो उपदेश भारतको बाराणसी नजिकैको सारनाथमा दिनु भएको थियो ।
३. नेपालको इतिहास अनुसार सातौं किरातीराजा जितेदास्तीको पालामा गौतमबुद्ध काठमाडौं उपत्यकामा आगमन भएको थियो ।
४. २०५५ मंसिर १५ र १६ गते लुम्बिनीमा सम्पन्न विश्व बौद्ध शिखर सम्मेलनको मूलनारा 'लुम्बिनी विश्व शान्तिको केन्द्र विन्दु रहेको थियो' ।
५. २०६४ साल वैशाख १९ गते बुद्ध जयन्तीको दिन दोलखाको छिरिङदोर्जेले सगरमाथाको चुचुरोमा बुद्धको मूर्ति स्थापना गरेका थिए ।
६. नेपालमा सबभन्दा बढी बौद्ध गुम्बा भएको जिल्ला सोलुखुम्बु हुन्
७. त्रिरत्न भन्नाले सुन, चाँदी र तामालाई बुझाउँछ ।
८. जगमा चतुर्भुजाकार मध्य भागमा कमलको फूलको आकार र चारैदिशा फर्किने गरी भगवान बुद्धको प्रतिमा राखी टुप्पो गुम्बजको रुपमा बनाइएको बास्तुकलाको शैलीलाई स्तुपशैली भनिन्छ ।
९. कलिङ्गको युद्ध पश्चात सम्राट अशोकले युद्ध नगर्ने प्रतिज्ञा गरी बौद्ध धर्मलाई स्वीकारेका थिए ।
१०. हरेक व्यक्ति अनिवार्य भिक्षु बन्नु पर्ने मुलुक कम्बोडिया हुन् ।
११. वैशाख पूर्णिमाको दिन सार्वजनिक छुटी दिने चलन राजा त्रिभुवनको पालादेखि भएको थियो ।
१२. पाटनको एकहजार बुद्धको मूर्ति भएको महाबौद्ध मन्दिरको निर्माण गर्ने अभयराज शाक्य थिए ।
१३. शान्ति बगैंचा अर्धाखाँची जिल्लामा पर्दछ ।
१४. संसारकै अग्लो १२० मिटरको बुद्धको मूर्ति चीनमा रहेको छ ।
१५. लुम्बिनीलाई पञ्चशील क्षेत्र भनेर २०७५ मंसिरमा घोषणा गरिएको थियो ।
१६. काठमाडौंको अनेक देवलहरूमध्ये एक देवलमा बुद्धको जीवनी मरुसतलको देवलमा कुँडिएको छ वास्तवमा यस्तो होला कि ?

मञ्जुश्री : मचु सि

मंच : चिनीयाहरूको थर

सि : न्वारानेका नाम

१७. जापानी बौद्ध भिक्षु नावातामेको हत्या २०५४ असार १९ गते भएको हो ।
१८. ३६० वटा खुडकिला पार गरेपछि स्वयम्भुनाथको महाचैत्यमा पुग्नसकिन्छ ।
१९. साँखु बज्रयोगिनीको मन्दिर र गुहेश्वरीको मन्दिर निर्माण गर्ने राजा प्रताप मल्ल थिए ।
२०. काकेविहार सुर्खेत जिल्लामा पर्दछ ।
२१. सत्यको खोजी गर्नु र नैतिक मूल्यलाई व्यावहारिक बनाउनु शिक्षाको प्रमुख लक्षहो बौद्ध दर्शन

**सङ्कलक**
**न्हुछेरत्न बुद्धाचार्य**
**भक्तपुर १०**

आदर्श आजाद
माध्यमिक विद्यालय
Adarsha Azad Secondary School
Bhimasensthan, Bhelukhel-05, Bhaktapur
☎ :01-6610580

आदर्श आजाद कलेज
Adarsha Azad College
Bhimasensthan, Bhelukhel-05, Bhaktapur
☎ :01-6610580

**Running Programs:**

**XI**
- Law
- Management
- Hotel Management
- Education
- Humanities

**BEd**

Math, English, Nepali, Population & Health

**BBS**

:adarshaazad2016@gmail.com www.adarshaazad.edu.np

:a2hss.college@gmail.com www.adarshaazad.edu.np



**Facilities:**

Well Equipped Computer Lab
Library Facility
Science / Math Laboratory
Auditorium
Audio - Visual Room
Playground
School under CCTV survelliance

# GANESH
## SECONDARY SCHOOL

Bharwacho, Bhaktapur-1
01-6615912

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक
पत्रिका 'अर्हत्' त्रैमासिक को वार्षिक
ग्राहक भई सहयोग गरिदिनुहुन
पाठकहरुमा हार्दिक अनुरोध गर्दछ।
साथै
निरन्तर प्रकाशनको लागि लेख-रचना तथा
व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन

**बौद्ध दर्शन अध्ययन समाज**
**भक्तपुर**
Email:arhattraimasik@gmail.com